नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218




वर्ष १ | अंक ९१ | २०७९ साल माघ २५ गते बुधबार | Wednesday 8, Feb. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

## चाहेको बेला मल छैन, नचाहेको बेला फालाफाल

***सरकारको खरिद ऐन, नीति नै उल्टो, किसानहरु जहिलेपनि मल अभावको समस्या खेप्दै आएका छन् । अहिले फालाफाल मल आएको छ । धानबाली आउने सिजन ४-५ महिना बाँकी छ, त्यसबेलाका लागि अर्को चरणको मल खरिद प्रक्रिया अघि बढेको छैन । धानबाली लगाउने बेला फेरी पुरानै रोग, मलको हाहाकार हुने देखिन्छ***

मघेशदृष्टि
वीरगंज २४ माघ।

नेपाल सरकारको ऐन नीति नै उल्टो भएको कारण चाहेको बेला मल अभाव हुने तर नचाहेको बेला फालाफाल हुने अवस्था सृजना भएको छ । तराईमा धान, गहुँ तथा मकैं मुख्य बालीको रुपमा रहेकोमा धान तथा गहुँ बाली लगाउने बेलामा जहिले पनि यहाँका किसानहरु मल अभावको समस्या खेप्दै आएका छन् भने धान, गहुँको सिजन सकिएपछि नेपाल सरकारले खरिद गरेको मल नेपाल आईपुगी गोदाममा थन्किने अवस्था सृजना भएको छ।

केही दिन अघिसम्म मात्रै गहुँ बाली लगाउनका लागि युरिया तथा डिएपी मलको लागि भौतारिई रहेका किसानहरुले जसोतसो गरेर गहुँबाली लगाएपछि सरकारले खरिद गरेको मल हाल नेपाल आइपुगेको छ, अझै आउने प्रक्रियामा रहेको छ।



नेपाल सरकारले 'जि.टु.जि.' मार्फत खरिद गरेको युरिया मल दुई हप्ता अघि मात्रै रक्सौल स्थित रेल्वे साइडिङ्गमा आइपुगेको छ भने त्यहाँबाट ट्रकमा लोड गरि कृषि सामाग्री कम्पनीको गोदममा ल्याउने कार्य जारी छ।

भारतको राष्ट्रिय केमिकल फर्टिलाइजर कम्पनी र कृषि सामाग्री कम्पनीबीच ' जि.टु.जि.' मार्फत भएको सम्झौता अनुसार लामो समय पश्चात ३० हजार मेट्रिक टन युरिया मल नेपाल आइपुगेको हो । नेपाल र भारत सरकारको सम्झौता अनुसार तेश्रो मुलकबाट आयातित मल भारतीय कम्पनीले नेपाललाई पठाउन लागेको हो । यो सम्झौता ५ वर्षको लागि भएको र ५ वर्षसम्म नियमित 'जि.टु.जि' मार्फत मल नेपाल आउने कृषि सामाग्री कम्पनीका सहायक प्रवन्ध निर्देशक तथा सूचना अधिकारी आलोक झाले जानकारी दिए । पुस १५ गते कोलकाता बन्दरगाहमा आइपुगेको मल प्रक्रिया पूरा गरेर माघको पहिलो हप्ता रक्सौल स्थित रेल्वे साइडिङ्गमा आइगेको थियो भने त्यस पश्चात हालसम्म युरिया मल वीरगंज ल्याउने र यहाँबाट १६ वटा जिल्ला स्थित कृषि सामाग्री कम्पनीको कार्यालयमा पठाउने काम जारी छ । कृषि सामग्री कम्पनी प्रादेशिक कार्यालय वीरगंजको गोदाममा अहिले युरिया मल भण्डारण गरि जिल्लामा वितरण गर्ने कार्य भइरहेको झा बताउँछन् ।

जिटुजि मार्फत खरिद गरिएको ३० हजार मेट्रिक टन युरियामध्ये ११ हजार ५ सय मेट्रिक टन वीरगंज स्थित कृषि सामाग्री कम्पनीको कार्यालयलाई प्राप्त भएको छ भने १० हजार मेट्रिक टन युरिया मल भैरहवा, ८ हजार ५ सय मेट्रिक टन विराटनगर कार्यालयमा पठाइएको छ । वीरगंज स्थित कृषि सामाग्री कम्पनीले पाएको ११ हजार ५ सय मेट्रिक टन मल यस कार्यालय मातहतमा रहेको १६ वटा जिल्ला स्थित कार्यालयमा पठाउने गरिएको छ । जस अनुसार पर्सा जिल्लाको लागि प्राप्त १५ हजार ४ सय २० बोरा युरिया मल प्रत्येक पालिकाको सिफारिसमा सहकारी सँस्थाहरुलाई वितरण गरि सकिएको छ।

११ हजार ५ सय मेट्रिक टन मल मध्ये अहिलेपनि ५ हजार ५ सय मेट्रिक टन युरिया मल कृषि सामाग्री कम्पनीको गोदाममा भण्डारण गरिएको छ भने ग्लोबल टेण्डर मार्फत खरिद गरिएको ३० हजार मेट्रिक टन थप युरिया मल भारतको कोलकत्ता स्थित बन्दरगाहमा आइपुगेको झाको भनाई छ। उनका अनुसार ग्लोबल टेण्डर मार्फत खरिद गरिएको ३० हजार मेट्रिक टन युरिया मल फेब्रअरी ७ मा कोलकत्ता स्थित बन्दरगाहमा आइपुगेको हो। स्वीस सिंगापुर ओभरसिज कम्पनीले मलेसियाबाट खरिद गरेको युरिया मल कोलकत्ता बन्दरगाहमा आइपुगेको र नियमि प्रक्रिया पुर्‍याई एक हप्तापछि नेपाल ल्याउने काम भइरहेको उनको भनाई छ।

नेपाल सरकारले खरिद गरेको मल किसानहरुलाई खासै काम नलाग्ने अवस्था छ। गहुँ बाली लगाउने बेलामा भारतमा निर्भर रही चोरी निकासी गरि ल्याई जसो तसो गहुँबाली लगाएका किसानहरुले यो मल प्रयोग गर्न पाउने छैन । अब युरिया मलको आवश्यकता खासै छैन। यो मल हिँउदे धानबाली, चैते धानबाली, मकैं तथा उखुबाली लगाउने किसानले मात्रै प्रयोग गर्न पाउने छन् । जस अनुसार तराईमा मकै, उखु किसानले मात्रै यो मल प्रयोग गर्न पाउनेछन्।

सरकारको यो वर्षेनी नीतिले गर्दा तराईका किसानहरु जहिलेपनि मल अभावको समस्या खेप्दै आएको छन्। अहिले पुनः धानबाली आउने सिजन ४/५ महिना बाँकी रहँदा अर्को चरणको मल खरिद प्रक्रिया पनि अघि बढ्न सकेको छैन । जसले गर्दा धानबाली लगाउने बेला पुनः मलको हाहाकार हुने अववस्था देखिन्छ। मल खरिद प्रक्रिया ५ देखि ६

- *बाँकी पृष्ठ ६ मा*

## मधेश सरकारले पायो पूर्णता

*सुनिताः जनयूद्धदेखि मन्त्रीसम्मको संघर्ष, माओवादीले थालेको जनयूद्धको क्रममा सुनिताका बुवा रामवृक्ष यादव, श्रीमान डम्बर यादव, र दाजु शेखर यादव मारिएका थिए।*

मधेशदृष्टि
जनकपुर, २४ माघ।

नेकपा माओवादी केन्द्र मधेश प्रदेश सरकारमा सहभागी भएपछि प्रदेश सरकारले पूर्णता पाएको छ । मधेस प्रदेशको उद्योग, पर्यटन तथा वन मन्त्रालयमा नियुक्त भएकी सुनिता यादव प्रदेश प्रमुख हरिशंकर मिश्रबाट र राज्यमन्त्रीमा नियुक्त भएका रहबर अन्सारी प्रदेश प्रमुखको उपस्थितिमा



मुख्यमन्त्री सरोजकुमार यादवबाट पद तथा गोपनीयताको सपथ लिएपछि उनीहरुले मंगलबार मन्त्रालयमा पदभार ग्रहण समेत गरेका छन् ।मधेस सरकार गठन भएयता मुख्यमन्त्रीले तेस्रो पटक मन्त्रिपरिषद् विस्तार गरेका हुन् ।

पुस २७ गते ६३ प्रदेशसभा सदस्यको समर्थनमा मुख्यमन्त्रीमा नियुक्त भएका सरोजकुमार यादवले पहिलो पटक तीनजना मन्त्री, दोस्रो पटकमा ६ मन्त्री र ३ राज्यमन्त्री तथा तेस्रो पटकमा १ मन्त्री र १ राज्यमन्त्री नियुक्त गरेका छन् । माओवादी मधेश प्रदेश संसदीय दलका नेता भरत साह भएपनि मन्त्रीमा भने माओवादी अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहालको निर्देशन अनुसार सुनितालाई छानियो । माओवादी श्रोतका अनुसार संसदीय दलको नेता चुनिने क्रममा सुनिताको सहयोग थियो भने अहिले सुनितालाई मन्त्री बनाउन त्यसै बेलाको सहमति अनुसार भरतले सहयोग गरेका हुन् ।

नवनियूक्त उद्योग, पर्यटन तथा वन मन्त्री सुनिता यादव माओवादीका नेता शहीद रामवृक्ष यादवकी छोरी हुन् । सुनिताकी आमा रामकुमारी यादव र दीदी बोधमाया यादव यसअघी संघीय सरकारमा मन्त्री भईसकेकी छन् । सुनिता र रहबर अन्सारीको पहिलोपटक प्रदेशसभा सदस्य हुदैं मन्त्रीसम्मको यात्रा गर्न सफल भएका छन् ।

माओवादीले थालेको जनयूद्धको क्रममा सुनिताका बुवा रामवृक्ष यादव, सुनिताका श्रीमान डम्बर यादव, दाजु शेखर यादवको मारिएका थिए ।

**सुनिताः जनयूद्धदेखि मन्त्रीसम्मको संघर्ष**

तत्कालिन नेकपा माओवादीले थालेको जनयूद्धको तयारी थाल्दै गर्दा ०५१ सालमा नेपाली काँग्रेस र स्थानीय प्रहरी-प्रशासनको षड्यन्त्रमा परेर नेता रामवृक्ष यादवको हत्या भयो । शिक्षक समेत रहेका माओवादीका स्थायी समिति सदस्य रामवृक्ष यादवको हत्या भएको केही महिनापछि अर्थात ०५२ फागुन २ गतेबाट माओवादीले जनयूद्धको शंखनाद गरेको थियो ।

माओवादीका दिग्गज नेता मास्टरसाहेब नामले परिचित रहेका मास्टर रामवृक्षको हत्यापछि उनकी धर्मपत्नी रामकुमारी यादवले भने आफ्ना श्रीमानका सपनालाई पूरा गर्नका लागि उनी र उनका घरपरिवारसमेत जनयूद्धमा लागे । रामवृक्षका चार छोरी र एक छोरा

- *बाँकी पृष्ठ ६ मा*

## अल्छि भए बाँदर, मानिसले खानेकुरा दिएर पल्काए

*मानिसकै कारण बाँदर परनिर्भर हुँदै गएको निचोडमा पुगेको वन कार्यालय खानेकुरा दिने यात्रुलाई निरुत्साही गर्न ठाउँठाउँमा सूचना बोर्ड राख्ने तयारी गर्दैछ*



विकास अग्रवाल
रौतहट, २४ माघ।

समूहबनाई वनजङ्गलमा बस्न र वनमै उपलब्ध खानेकुरा खान संघर्ष गर्ने बाँदर अहिले खानाको खोजी गर्दे पूर्व-पश्चिम राजमार्गमा यात्रु कुरेर बस्न थालेका छन् । राजमार्ग हुँदै गन्तव्य पुग्ने यात्रीले सवारी रोकी खानेकुरा दिन थालेपछि बाँदरले राजमार्ग कुर्न थालेकाहुन् । जसको कारण बाँदर र यात्री दुबै दुर्घटनाको शिकार समेत हुने गरेका पनि छन् ।

राजमार्गमा सहजै खानेकुरा पाउन थालेपछि बाँदर अल्छि भएको बाँदर विज्ञ मुकेश कुमार चालिसे बताउँछन् । 'राजमार्ग भएर यात्रागर्ने यात्रुले सवारी रोकी बाँदरलाई बिस्कुट, पाउर ोटी, फलफूल, चाउचाउ, भुजा लगायतका खानेकुरा दिने गर्छन्' चालिसे भन्छन् 'यसरी सहज रुपमा खानेकुरा पाउन थालेपछि बाँदरले जङ्गलमा खानेकुरा खोज्न छोडी राजमार्ग कुर्न थाले, बाँदर अल्छि हुन थालेका छन् ।' खानाकै आसमा बाँदर वन छोडेर बिहान देखि साँझसम्म राजमार्ग वरपर बस्ने गरेको समेत उनले बताए । बालीनाली, वनमा पाइने

- *बाँकी पृष्ठ ६ मा*






# संक्षेप समाचार

## विद्युत चोरी गर्ने नियन्त्रणमा

मधेशदृष्टि, वीरगंज २४ माघ।
पर्साको ग्रामिण इलाकाबाट अनधिकृत रुपमा विद्युत चोरी गर्ने ७ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ।
नेपाल बिधुत प्राधिकरण पोखरिया वितरण केन्द्रको चुहावट नियन्त्रण टोली र इलाका प्रहरी कार्यालय पोखरिया तथा सशस्त्र प्रहरी बल पोखरियाको संयुक्त टोलिले उनीहरुलाई गएराती पक्राउ गरेको हो।
टोलीले विन्वासिनी गाउँपालिकाको मथौलबाट रियाज देवान, रामानन्द गद्दी, बहुदरमाई नगरपालिकाको पिपराबाट हरिनारायण पासवान, गम्हरियाबाट जयमंगल साह, डकौलाबाट मोदी यादव, पर्सागढी नगरपालिकाको एकटाङ्गाबाट रामु प्रसाद यादव र सखुवाप्रसौनी गाउँपालिका कटैयाबाट सुरुज महरालाई पक्राउ गरेको नेपाल विद्युत प्राधिकरण पोखरीया वितरण केन्द्रका कर्मचारी सद्दाम हुसेनले जानकारी दिए। पक्राउ परेका सातै जना उपर कारावाही प्रक्रिया अगाडी बढाइएको नेपाल बिधुत प्राधिकरण पोखरिया वितरण केन्द्रले जनाएको छ।

## प्रेम दिवस सुरु

मधेशदृष्टि, वीरगंज २४ माघ।
भेलेन टाईन डे अर्थात प्रेम दिवसलाई अहिलेका युवा पुस्ताले विशेष रूपमा मनाउन थालेका छन्।
७ फेब्रुअरीदेखि १४ फेब्रुअरीसम्म प्रणय दिवस सप्ताह व्यापी रुपमा मनाइन्छ। मंगलवार देखि प्रणय सप्ताह सुरू भएको छ। प्रेम जोडीहरू प्रणय सप्ताहको प्रतिक्षामा हुन्छन्। प्रेम दिवसको सुरूवात 'रोज डे' बाट सुरू हुन्छ। आजको दिन जोडीहरूले एकअर्कालाई गुलाफको फूल दिएर माया देखाउने गर्दछन्। हरेक वर्ष ७ फेब्रुअरीका दिन 'रोज डे' मनाइन्छ। 'रोज डे' सुरू हुनअघि नै बजारमा रातो, पहेँलो, सेतो र गुलाबी रङका गुलाफका फूलहरू प्रशस्त मात्रामा देखिन्छन्। आजको दिन प्रेम प्रस्ताव राख्नेहरूका लागि निकै राम्रो मानिन्छ। विगत केहि बर्ष यता देखि विदेशवाट भित्रिएको भेलेन टाईन डे फेसनको रुपमा नेपालमा पनि मनाउने प्रचलन बढदै गएको छ।

## भन्सार छलीका समाग्री पक्राउ

मधेशदृष्टि, वीरगञ्ज, २४ माघ।
पर्सा प्रहरीले भन्सार छली गरेर ल्याउँदै गरेको लत्ताकपडा तथा खाद्यान्न सामग्री बरामद गरेको छ।
विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय पर्सा अन्तर्गत पर्ने वडा प्रहरी कार्यालय विर्ताका प्रहरी निरीक्षक विशाल मल्ल नेतृत्वको टोलीद्वारा वीरगञ्ज महानगरपालिका वडा नम्बर १६ इनर्वा गाउँबाट अवैध रूपमा भन्सार छली गरेर ल्याउँदै गरेको लत्ताकपडा र खाद्यान्न बरामद गरिएको हो।
बरामद गरिएका सामग्रीहरुको अनुमानित मूल्य ५ लाख ६९ हजार रुपैयाँ रहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवं डिएसपी निर्मल बुढाथोकीले बताउनु भयो। बरामद गरिएको सामान वीरगंज भन्सार कार्यालयमा बुझाईएको छ।

## नि:शुल्क आंखा शिविर सम्पन्न

मधेशदृष्टि, वीरगंज २४ माघ।
पर्साको बहुदरमाई नगरपालिका वडा नं. २ ध्यानसिहं पिपरामा मंगलवार निःशुल्क आँखा शिविर सम्पन्न भएको छ।
नेपाल पिछडावर्ग (ओविसि) महासंघ पर्साको आयोजनामा भएको शिविरमा १६७ जना आँखा परिक्षण गराएको ओविसी पर्साका अध्यक्ष देवनाथ महतोले जानकारी दिए। जस मध्ये ९० जनामा समस्या देखिएको अध्यक्ष महतोले वताएका छन।
ओविसी पर्साका अध्यक्ष देवनाथ महतोको अध्यक्षतामा भएको शिविरमा ओविसी पर्साका सचिव निरज महतो, वीरगंज महानगर अध्यक्ष राजाबाबु साह, बदुदरमाई नगर अध्यक्ष सौरभ सिंह, राहुल पटेल, लगायतको सहभागिता रहेको थियो।
मातृका आई फाउन्डेसनको प्राविधिक सहयोगमा सम्पन्न शिविरमा नेत्र विशेषज्ञ डा. मनोरञ्जन यादव, महेश सिंह धामी लगायतको टोलीले बिरामीहरुको आँखा परिक्षण गरेका थिए।

## दुर्घटनामा मोटरसाइकल चालकको मृत्यु

मधेशदृष्टि
जनकपुरधाम, २४ माघ। जनकपुरधाममा कुकुरलाई दुर्घटना हुनबाट बचाउन खोज्दा एक मोटरसाइकल चालकको मृत्यु भएको छ।
मृत्यु हुनेमा धनुषाको मुखियापट्टी मुसहरनिया गाउँपालिका बस्ने ४४ वर्षीय विजय कुमार साह रहेको प्रहरीले जनाएको छ।
सोमबार राति जनकपुरधाम उपमहानगरपालिका-४ कटैया चौरीमा कुकुरलाई बचाउने क्रममा साह सवार ज ७ प ५२३ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटनामा परेको थियो। मोटरसाइकल अनियन्त्रित भएर पल्टिँदा साह गम्भीर घाइते भएका थिए। उनको उपचारका क्रममा मंगलबार बिहान मृत्यु भएको धनुषा प्रहरीले जनाएको छ।

# सद्भाव कायम गर्नका लागि धनुषामा टास्क फोर्स गठन



मधेशदृष्टि
जनकपुरधाम,२४ माघ। धार्मिक तथा सामाजिक सद्भाव खलबल्याउने किसिमका गतिविधि हुन नदिन धनुषामा विभिन्न धर्मका गुरुहरूबिच सद्भाव बैठक बसी टास्क फोर्स गठन गरिएको छ।
धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालको कार्यकक्षमा विभिन्न धर्मका गुरु तथा संघ संस्था एवं सुरक्षा निकायको सहभागितामा भएको बैठकबाट सद्भाव बिग्रिन नदिनका लागि राष्ट्रिय अनुसन्धान विभागका उप अनुसन्धान निर्देशक दिपक खड्काको संयोजकत्वमा टास्क फोर्स गठन गर्ने निर्णय भएको हो। बैठकमा केही महिना अगाडी महोत्तरीको बगडामा भएको घटनाको विषयमा पनि समीक्षा गरिएको छ।
बैठकमा विभिन्न चाडपर्व तथा अवसरमा सामाजिक सद्भाव बिगार्ने तत्त्व सक्रिय हुने भएकाले त्यसलाई कसरी नियन्त्रण गर्न सकिन्छ भन्ने विषयमा सूचना सङ्कलनदेखि प्रभावकारी नियन्त्रणका लागि विषयमा टास्क फोर्सले काम गर्ने छ।
बैठकमा सहायक प्रमुख जिल्ला अधिकारी अनुज भण्डारी, नेपाली सेनाका प्रमुख सेनानी सुरेश देवकोटा, प्रहरी उपरीक्षक विश्व खड्का, सशस्त्र प्रहरी उपरीक्षक दिनेश मल्ल, राष्ट्रिय अनुसन्धान विभागका उप अनुसन्धान निर्देशक दिपक खड्का लगायतले सामाजिक सद्भाव कायम राख्न सबैको सहयोग र साथ आवश्यक भएको बताएका थिए।

# अबैध बालुवा गिट्टी उत्खनन् गर्ने टिपर नियन्त्रणमा



मधेशदृष्टि
जनकपुरधाम, २४ माघ। अबैध रुपमा बालुवा तथा गिट्टी उत्खनन् गरि ल्याउने ९ वटा टिपरलाई धनुषा प्रहरीले नियन्त्रणमा लिएको छ।
मंगलबार दिउँसो क्षिरेश्वरनाथ नगरपालिका ५ स्थित जलाद खोलाबाट अवैध बालुवा/गिट्टी उतखन्न गरि ल्याई रहेको गोप्य सूचनाको अधारमा प्रहरीले जनकपुरधाम उपमहानगरपालिका १ शहिद चोक र वडा नं. १३ पिडारी चोक स्थितमा बेंगाशिवपुरतर्फबाट आउदै गरेको बालुवा र गिट्टी लोड रहेका टिपरहरू नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।
प्रहरीले ना ८ ख ८३६२, ना ८ ख २०४६, ना ७ ख ६३९५, ना १ क ६८५८, ना ७ ख ९०२७, प्रदेश ००१ ख १८९९, प्रदेश २-०३-००१ क १९७६, ना ८ ख २२० र एउटा अनटेस्ट पिटर नियन्त्रणमा लिएको प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले जानकारी दिए।
प्रहरीले नियन्त्रणमा लिएको टिपर मंगलबार नै जिल्ला समन्वय समिति धनुषामा बुझाइएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

# अग्रवालको शुभविवाह सम्पन्न



मधेशदृष्टि
जनकपुरधाम, २४ माघ। मारवाडी सेवा समिति जनकपुरधामका महासचिव प्रमोद अग्रवालका जेठा छोरा पीयूष अग्रवालको डिम्पलसंग शुभविवाह सम्पन्न भएको छ।
सोमबार जनकपुरधामस्थित यात्री निवासमा भएको वैवाहिक समारोहमा मधेस प्रदेशका प्रदेश प्रमुख हरिशंकर मिश्र, प्रदेशका पुर्व भौतिक पूर्वाधारमन्त्री रामसरोज यादव, सामाजिक विकासमन्त्री सुरिता साह, पूर्व मंत्री तथा लोकतांत्रिक समाजवादी पार्टी के बरिष्ठ नेता अनिल झा, पूर्व मंत्री डा. सुरेन्द्र यादव, मारवाड़ी सेवा समिति जनकपुरधाम का अध्यक्ष जनकपुरधामका मेयर मनोजकुमार साह, पूर्व मेयर बजरंग प्रसाद साह, जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठ, मारबाड़ी सेवा समिति जनकपुरधाम का अध्यक्ष निर्मल कुमार चौधरी, हिन्दी अभियानीतथा लोकतान्त्रिक समाजवादी पार्टीका बरिष्ठ नेता रमण पाण्डे, मनोज कुमार चौधरी, डा रामकेवल साह, उद्योगपति तथा समाजसेवी ओम सराफ, स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति लगायतको उपस्थिति रहेको थियो। सोहि अवसरमा नेपालको राजनीतिको विषयमा समेत चर्चा परिचर्चा भएको थियो।

# उधोगमा बेच्दै आएको उखुमा रोक लगाएपछि बाराका उखु किसान मर्कामा



मधेशदृष्टि
रौतहट,२४ माघ। बाराका उखु उत्पादक किसानहरूले उत्पादन गर्ने उखु वर्षौंदेखि रौतहटको उद्योगमा बेच्दै आएको अवस्थामा एक्कासी प्रशासनले बाराको उखु रौतहटको उद्योगमा बिक्री गर्न नपाउने भन्दै प्रतिबन्ध लगाएपछि उखु किसान समस्यामा परेका छन्।
बाराको चीनी उद्योग भन्दा रौतहटको चीनी उद्योगमा उखु बिक्री गर्दा बढी फाइदा हुने भएको भन्दै बाराका किसानहरू रौतहटको कटहरिया नगरपालिका - ९ मा अवस्थित बाबा वैजुनाथ सुगर मिलमा उखु बेच्दै आएका थिए तर जिल्ला प्रशासन कार्यालय बाराले एक सूचना जारी गर्दै बारा जिल्लामा उत्पादन भएको उखु बारा कै उद्योगमा बिक्री गर्ने र रौतहटमा बिक्री गर्न नपाउने भनी बन्देज लगाएको छ। माघ २३ गतेदेखि प्रशासनले बाराको उखु रौतहटमा बिक्री गर्न रोक लगाएपछि यहाँका उखु उत्पादक किसानहरू उखु बिक्री गर्न नपाउँदा समस्यामा पर्नुका साथै निकै चिन्तित भएका छन्।
जिल्ला प्रशासन कार्यालयको सो निर्णयले समस्यामा परेका बाराका उखु किसानहरुले आफू अनुकूल रौतहटको उद्योगमा उखु बिक्री गर्न पाउनुपर्ने माग राख्दै बाराका प्रमुख जिल्ला अधिकारी (सिडिओ) नवराज सापकोटालाई मंगलबार ज्ञापनपत्र बुझाएका छन्।
किसानले उत्पादन गरेको उखु आफू अनुकूल आफूलाई बढी फाइदा हुने अर्थात् सहज हुने जुनसुकै जिल्लाको उद्योगमा बेच्न पाउँछन् तर प्रशासनले बलजबर्जस्ती बारा बाहेक अन्य जिल्लामा उखु बिक्री गर्न नपाउने गरी बन्देज लगाएर किसानमाथि अन्याय गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ।
बाराको भन्दा रौतहटको बाबा वैजु नाथ सुगर उद्योगमा उखु बिक्री गर्दा प्रति क्विन्टल ८० रुपैयाँ बढी किसानलाई फाइदा हुनेगरेको र यस उद्योगले एकसातामै भुक्तानी समेत दिने गरेकोले बाबा बैजुनाथ उद्योगलाई उखु बिक्री गर्दा लाभ पनि बढी हुने गरेको र समयमै भुक्तानी समेत पाउने गरेको विज्ञप्तिमा जनाइएको छ।
आफूहरुलाई पहिला कै जस्तो अवस्थामा जुनसुकै ठाउँमा उखु बिक्री गर्न पाउने वातावरण बनाइदिन भन्दै किसानहरूले विज्ञप्ति मार्फत जिल्ला प्रशासन कार्यालयलाई आग्रह गरेका छन्। तुरुन्त आफूहरुको समस्या समाधान नभए प्रहरी प्रशासन विरुद्ध कडा आन्दोलन गर्न बाध्य हुने चेतावनी किसानहरूले दिएका छन्।
यता बाराका प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाले चीनी उद्योग भएको स्थानभन्दा २५ किलोमीटर क्षेत्र भित्रका उखु अन्यत्र बिक्री गर्न नपाउने भन्दै उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय काठमाण्डौले नै परिपत्र जारी गरेकोले मन्त्रालयको निर्णय कार्यान्वयन गर्न आफूहरु अन्यत्र उखु बिक्री गर्न बन्देज लगाएको बताएका छन्।
यसैगरी उखु उत्पादक संघका केन्द्रीय अध्यक्ष कपिलमुनी मैनालीले किसानहरू आफूलाई मन् परेको जुनसुकै जिल्ला वा ठाउँमा आफ्ना उखु बिक्री गर्न सकिने बताएका छन्।
उद्योग मन्त्रालय र जिल्ला प्रशासन कार्यालयले किसानलाई मन् परेको अर्थात् उपयुक्त ठाउँमा उखु बिक्री गर्न नपाउने भनी बन्देज लगाएर किसानहरूको हक अधिकारमाथि कुण्ठित गर्ने काम गरेको अध्यक्ष मैनालीले बताए। किसानलाई आफ्ना अनुकूल उखु बेच्न नदिने कसैको अधिकार नरहेको बताउँदै उनले किसानलाई अनावस्यक दुःख दिने काम आफूहरुलाई कदापि स्वीकार्य नहुने बताए।
किसानको इच्छा र चाहना अनुसार उखु बिक्री गर्न प्रतिबन्ध लगाएर प्रशासनले किसानलाई दुःख दिने काम गरेको भन्दै उनले प्रशासनले किसान माथि लगाएको सो प्रतिबन्ध नहटाए आफूहरु आन्दोलनमा उत्रिन बाध्य हुने चेतावनी उनले दिए।




## ☎☎ महत्वपूर्ण टेलिफोन नम्बरहरू ☎☎

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आज विशिष्ट व्यक्तिको साथ पाइनेछ। दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ। सामाजिक र राजनैतिक कार्यमा बढी सफलता मिल्नेछ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आज आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन्। परिवारमा सुख सन्तोष छाउला। नयाँ ज्ञान सिक्ने मौका पनि मिल्नेछ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
आज यात्रामा मालसामान हराउने र मनमा निराशा आउला। प्रेममा मनमुटाव पनि आउन सक्छ, तर साँझमा यात्राको योजना बन्नेछ।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। मनमा सहयोग भाव आउला। प्रेम सम्बन्ध कसिलो हुनेछ। रमणीय र सुखद् यात्राको योग छ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज धनार्जनका स्रोतहरू पत्ता लाग्नेछन्। आत्मबल बढाएर काम गरेमा असफल भइँदैन। वित्तिय संस्थाबाट सहयोग पनि पाइनेछ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज लाभदायक यात्रा रहला। महिला वर्गबाट विशेष सहयोग मिल्नेछ। परिश्रम गर्दा धनार्जन हुनेछ। कुनै कुराले मनमा शान्ति छाउनेछ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
मनमा दुबिधा उत्पन्न हुनेछ। अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला। आर्थिक कारोबारमा मन्दी आउनेछ, आफन्तबाट सहयोग चैं मिल्ला।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज गरेको कार्यमा सफलता मिल्नेछ। शैक्षिक र वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ। व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज सुखदुःख बराबरी मध्यम खालको दिन छ। ठुलो कारोबारमा लगानी नगर्नु। आत्मबल बढाएर काम गरेमा असफल भइँदैन।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आज मनमा शान्ति छाउनेछ। अरुलाई प्रभावित पारेर काम बन्नेछ। नसोचेको ठाउँबाट धनागम हुनेछ। नयाँ कामको थालनी पनि हुनेछ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
साना तिना समस्यामा अल्झनुपर्नेछ। स्वास्थ्यमा समस्या आउला। अनावश्यक धन खर्च हुनेछ। महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज विद्या र बुद्धिको विकास हुनेछ। सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ। व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ।

# अन्य निकायको आयोजना कार्यान्वयन गर्दा पूर्वस्वीकृती लिनुपर्ने

मधेशदृष्टि
सर्लाही,२४ माघ । चन्द्रनगर गाउँपालिका अध्यक्ष राजकुमार महतोले स्वीकृत आयोजना बाहेक अन्य निकायको आयोजना कार्यान्वयन गर्दा पूर्वस्वीकृती लिनुपर्ने निर्देशन दिएका छन ।

अध्यक्ष महतोले स्वीकृत योजना बाहेक अन्य निकायबाट गाउँपालिका क्षेत्र भित्र आयोजना कार्यान्वयन गर्दा गाउँपालिकाको योजना संग दोहरोपन हुने,गाउँपालिकाको प्राथमिकता विपरित हुने, त्यस्तै गाउँपालिकाको मापदण्ड बमोजिम नहुने, अभिलेखिकरण गर्न कठिनाई हुने, आयोजना प्रारम्भ भई अधुरो अवस्थामा रहने, विभिन्न निकायबाट अभिलेख सूचना माग गर्दा गाउँ कार्यपालिकाको कार्यालयमा अभिलेख उपलब्ध नहुने र गुणस्तरको सुनिश्चितता गर्न कठिन हुने तितो यर्थाथको उल्लेख गर्दै विज्ञप्तीमा अनुरोध गरेका छन् ।

अध्यक्ष महतोका अनुसार चन्द्रनगर गाउँपालिका क्षेत्र भित्र त्यस्ता आयोजना कार्यान्वयन गर्दा उपभोक्ता समिती गठन, सहजीकरण, अनुगमन र सुपरिवक्षेण जस्ता चन्द्रनगर गाउँपालिकाको गाउँ सभाको निर्णय अनुरुप गाउँ कार्यपालिकाको कार्यालयबाट अनिवार्य रुपमा पूर्वस्वीकृती लिएर कार्यान्वयन गर्न र गराउन अनुरोध गरेका छन् ।

त्यस्तै नियम विपरित भएमा नियमानुसार हुने व्यहोरा समेत अनुरोध गरेको विज्ञप्तीमा भनिएको छ । साथै अध्यक्ष महतोले सहयोग, समन्वय र सदभावको लागि हार्दिक धन्यवाद् दिएका छन् ।



# रौतहटमा सञ्चारको अवस्था र आचारसंहिता पालनाबारे अन्तरक्रिया



आरके श्रीवास्तव
गरूडा,२४ माघ ।
मिडिया काउन्सील मधेश प्रदेशका कार्यवाहक अध्यक्ष कैलाश दासले मधेशका मिडियालाई स्थापित वनाउनका लागि आफुले सकभर प्रयास गर्ने वताएका छन् ।मंगलवार रौतहटमा संचारको अवस्था र अचारसहिता पालनाबारे आयोजना गरिएको अन्तरक्रिया कार्यक्रममा बोल्दै अध्यक्ष दासले मधेश प्रदेश सरकारबाट संचारमाध्यमहरुलाई कसरी सहयोग पुरयाउन सकिन्छ त्यसबारे आफुले पहल गर्ने प्रतिवद्धता जनाए । कार्यक्रमलाई सम्वोधन गर्दै नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य शिवपुरीले रौतहटको पत्रकारितालाई नमुनाको रुपमा बनाएर देखाउन आग्रह गरेका थिए। कार्यक्रममा नेपाल पत्रकार महासंघ रौतहटका अध्यक्ष प्रेमचन्द्र झाले पत्रकारहरुलाई अचार सहिता पालना गर्न आग्रह गर्दै जिल्लाको संचार माध्यमको अवस्थालाई सुधार गर्नका लागि आफु सकभर पहल गर्ने बताए ।

मंगलवार जिल्ला सदरमुकमा गौर स्थित उद्योग वाणिज्य संघको सभाहलमा आयोजना गरिएको कार्यक्रमको आयोजना मिडिया काउन्सील मधेश प्रदेश जनकपुरधामले गरेका थिए भने संयोजन नेपाल पत्रकार महासंघ रौतहटले गरेका थिए । अन्तरक्रिया कार्यक्रममा उपस्थित जिल्लाका संचारकर्मीहरुसंग सुझाव समेत संकलन गरिएको थियो । नेपाल पत्रकार महासंघ रौतहटका अध्यक्ष प्रेमचन्द्र झाको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष राजेश कर्ण,मिडिया काउन्सील मधेश प्रदेशका सदस्यहरु रिंकु मिश्र,वन्दना झा ,महासंघका प्रदेश कमिटि सदस्य शैलेन्द्र झा लगायतका वक्ताहरुले संचारको अवस्था र आचारसहिता पालना र समानुपातिक विज्ञापन प्रणालीको विषयमा जोड दिदै आ आफनो विचार राखेका थिए।

# २३ वर्ष देखि निशुल्क शिक्षा प्रदान गर्दै शिक्षक साह

विकास अग्रवाल
रौतहट, २४ माघ । शिक्षाको उज्यालो घामबाट वञ्चित बालबालिकाहरुलाई यँहाका एक शिक्षकले विगत दुई दशक देखि आफ्नै खर्चमा शिक्षा प्रदान गर्दे आएका छन् ।

आर्थिक अवस्थाका कारण शिक्षाबाट वञ्चित भएका बालबालिकाहरुलाई खोजी खोजी गौर नगरपालिका १ का शिक्षक निरज साहले उनीहरुलाई आफ्नै खर्चमा शिक्षा प्रदान गर्दे आएका हुन् ।


शिक्षक साहले ०५९ सालमा एसएलसी उतीर्ण गरी हालसम्म २३ वर्षमा झण्डै दश हजार विद्यार्थीहरुलाई निशुल्क रुपमा शिक्षा प्रदान गरीसकेका छन् । विद्यार्थीहरुलाई पठनूपाठन गर्ने कोठाको आभाव हुँदा उनले गौर नगरपालिका ३ स्थित रहेको गौर राइस मिलको बरण्डामा बसाएर अध्यापन गराउदै आएका छन् ।

प्रत्येक दिन बिहान ६ बजे देखि नै पठनपाठन सुरु भईसक्ने अतिरिक्त कक्षा (टयुशन) दुई घण्टासम्म सञ्चालन हुँदै आएको बताउँदै शिक्षक साहले हाल दैनिक रुपमा १ सय २५ जना गरिब बालबालिकाहरुलाई शिक्षा प्रदान गर्दे आएको बताए ।

आफुले अध्यापन गराउँदै आएका बालबालिका मध्ये ७५ प्रतिशत बालबालिकाहरु विद्यालय समेत जाने गरेको छ भने बाँकीका विद्यार्थीहरु आर्थिक आभावका कारण विद्यालय जान नसकेको बताउँछन् । आफुले अध्यापन गराउने मध्ये अधिकाँश दलित, गरिब, तथा अभिभावक विहिन बालबालिका रहेको उनको भनाई छ ।

विगत पाँच वर्ष देखि निशुल्क रुपमा शिक्षा पाउँदै आएको बताउँदै गौरकी छात्रा काजल यादवले अहिले आफु आधारभूत विद्यालय बालमन्दिरमा कक्षा ८ मा अध्यनरत रहेको बताईन् । यस्तै शिक्षक साहले निशुल्क शिक्षा दिन थालेपछि गौरकी सुहानी शर्मा तीनवर्ष देखि शिक्षा हासिल गर्दे अहिले गौर नगरपालिका ५ स्थित रहेको माध्यमिक विद्यालयमा कक्षा ५ मा अध्यरनरत रहेको बताईन ।

सुरुमा शिक्षा प्रति खासै रुची नभएपनि साह सरले दैनिक रुपमा सञ्चालन गरेको अतिरिक्त कक्षा (टयुशन) मार्फत समान्य ज्ञान बढेसँगै विद्यालय जान रुचि आएको आधारभूत विद्यालय बालमन्दिरमा कक्षा ८ मा अध्यनरत रहेको काजल यादवले खुशीका साथ भनिन् ।



विद्यालय जाने सबै उमेर बालबालिकाहरुलाई शिक्षा नभई नहुने कुरामा जोड दिदै आफुले सञ्चालन गरेको अतिरिक्त कक्षामा आउन आग्रह गर्ने गरेको शिक्षक साहले बताए ।

यद्धपी अभिभावक गुमाएका तथा दलित छात्रछात्राहरु टयुशन वाहेक उनीहरुको शिक्षा गतिविधी शुन्य रहेको समेत उनले जानकारी दिए । सञ्चालित अतिरिक्त कक्षामा झण्डै ७० जना दलित तथा अभिभावक नभएका करिब १५ जना विद्यार्थीहरु पठनपाठन गर्दे आएका छन् ।

निशुल्क रुपमा शिक्षा प्रदान गर्दे आएका शिक्षक साहले कपी, कलम, किताब, लगायतका स्टेशनरी समानहरुमा प्रतिवर्ष करिब एक लाख रुपैया खर्च हुँदै आएको जानकारी दिए । शिक्षा प्रतिको आस्था र गरिब बालबालिकाहरुलाई शिक्षाको अवसर दिने गरेकोले गौर नगरपालिकाले विगत तीन वर्ष अघि आधारभूत विद्यालय बालमन्दिरमा शिक्षकको रुपमा समेत जागिर पाएपछि आफ्नौ हौसला अझ बढेको शिक्षक साहले बताए ।

आफुले प्रदान गरेको शिक्षा पाएर सय भन्दा बढी विद्यार्थीहरु आज सरकारी जागिरमा रहेको बताउँदै शिक्षक साहले उनीहरुको नाम स्मरण गर्दे कोही नेपाली सेना, नेपाल प्रहरी, राजस्व कार्यालय, नगरपालिका लगायतमा जागिर भएको बताए ।

# विधालय भवनको राज्यमन्त्री फूलबाबुले गरे शिलान्यास

मधेशदृष्टि
गरुडा,२४ माघ । मधेश प्रदेश सरकारका सामाजिक विकास राज्यमन्त्री अबुल कलाम आजाद (फुलबाबु) बिधालय भवनको शिलान्यास गरेका छन । मंगलवार एक कार्यक्रमका बिच गरुडा नगरपालिका अन्तर्गत रहेको श्री माध्यमिक विद्यालय नयाँ गम्हरियामा बिधालय भवन निर्माणको लागि शिलान्यास गरेका हुन। राष्ट्रपति शैक्षिक कार्यक्रम अन्तर्गत सो बिधालयमा ४ कोठे भवनको निर्माण हुन लागेको हो । सो कार्यक्रम अन्तर्गत ४५ लाखको लागतमा बिधालय भवनहरु निर्माण हुन लागेको हो । भवन निर्माण भएपछि कक्षा कोठा व्यवस्थापनमा थप सहयोग पुग्ने देखिन्छ । भवन शिलान्यासको क्रममा राज्यमन्त्री फूलबाबुले निर्माण सँगसँगै सरस्वती मन्दिर



बनाउने समेत घोषणा गरेकोमा श्री माध्यमिक विद्यालय नयाँ गम्हरिया श्रीपुरका बिधालय व्यवस्थापन समिति अध्यक्ष राजकुमार दासले बताए ।

सो अवसरमा बिधालयका प्रधानाध्यापक रामअधार पासवान,गरुडाका नि.प्रमुख प्रशासकिय अधिकृत रामबाबु यादव,योजना शाखा प्रमुख रामानन्द सहनी,इ.संजय यादव,पञ्जिकरण शाखा प्रमुख राजबहादुर ठाकुर,मेयर प्रत्यासी अनिल यादव,यूवा नेता कौशर खान मिथला,वडा नम्बर २ का वडा अध्यक्ष कृष्नन्दन सहनी,गरुडा माविका प्रअ प्रभु पटेल लगायत स्थानिय भद्रभलादमीहरुको उपस्थिती रहेको थियो ।

Madhesh Province Government
Ministry of Physical Infrastructure Development
**Groundwater Resources and Irrigation Development Division**
Jaleshwor, Mahottari

**Invitation for Bids**

**Date of Publication : BS 2079/10/25 (2023/02/08)**

1 Groundwater Resources and Irrigation Development Division,Jaleswar, Mahottari, invites bids for eligible bidders for the following works.

| S.N. | Contract Indentification Number | Description of Works | Estimated Amount Excluding VAT & PS | Bid Validity Period/ Security Period from the last day of submission of Bid | Bid Security Amount (NRs.) | Non-Refundable Fee for Bid Document Purchase(NRs.) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | GWM1/079-80 (PH) | Construction of 1 nos. Pump House and Overhead Tank in Loharpatti Municipality -01,Sukhainiya,Mahottari | 830851.24 | 45 days/75days | 25000 | 1000 | Sealed Quotation |
| 2 | GWM2/079-80 (PH) | Construction of 1 nos. Pump House and Overhead Tank in Mithila Municipality -02,Sukhjor,Dhanusha | 820242.94 | 45 days/75days | 25000 | 1000 | Sealed Quotation |
| 3 | GWM3/079-80 (Ele) | Electrification works in Mithila Municipality -02,Sukhjor,Dhanusha | 703149.70 | 45 days/75days | 21000 | 1000 | Sealed Quotation |
| 4 | GWM4/079-80 (Ele) | Electrification works in Loharpatti Municipality -01,Sukhainiya,Mahottari | 1311458.57 | 45 days/75days | 40000 | 1000 | Sealed Quotation |

Further Information to Biders

| | | |
|---|---|---|
| Last date and time for Bid Submission | BS 2079/11/11 (AD 2023/2/23) upto 12:00 Noon | |
| Date,Time and Place of Bid Opening | BS 2079/11/11 (AD 2023/02/23) at 1:00 PM | at GWRIDD, Jaleshwor, Mahottari |
| Account Number for Bid Document Purchase | Rastriya Banijya Bank, Jaleshwor, Mahottari, AC Number : 1000100200010000, GWRIDD office Code : 3370318022, Revenue Code : 14229 | |
| Account Number for Bid Security Deposits | The bidder shall furnish a bid security, from commercial bank or authorized finanical institutions or Rastriya Banijya Bank, Jaleshwor,Mahottari, Account No. 1270100202030000, Ko.Le.Ni.Ka., Madhesh Province | |

2 Eligible bidders shall submit their bid in GWRIDD, Jaleshwor Mahottari. For further additional information, contact GWRIDD, Mahottari, Contact No 9860584646

3 If the last date of purchasing and/or submission falls on a Government holiday, then the next working day shall be considered as the last date. In such case, the validity period of bid security shall remain the same prescribed for the original last date of bid submission.

# मावि सोनरनियामा शुद्ध खानेपानीको उद्घाटन

आरके श्रीवास्तव
गरुडा,२४ माघ । रौतहटको मौलापुर नगरपालिकामा रहेको एक माध्यमिक बिधालयमा शुद्ध खानेपानीको उदघाटन गरिएको छ । नगरपालिकाको वडा नम्बर ९ सोनरनियमा रहेको श्री जनता नमूना माध्यमिक बिधालय सोनरनियामा खानेपानीको उदघाटन गरिएको हो । मंगलवार एक कार्यक्रमका बिच नगरप्रमुख रिना कुमारीसाहले उदघाटन गरेकी हुन । इ.पि.एन. संस्थाको सहयोगमा करिब ८ लाखको लागतमा निर्माण गरिएको फिल्टर ( पानी ) को शुभारम्भ भएको प्रधानाध्यापक दिनेश यादवले बताए । यसको लागि पहल गर्ने साम्पूर्ण सहयोगी हातहरू तथा विशेष गरी इ.पि एन. संस्थलाई प्रअ यादव बिधालय परिवारको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गरेका छन् । बिधार्थीहरुलाइ शुद्ध पानी पिउनको लागि वर्षौं देखि समस्या रहँदै आएको थियो । उनीहरु हैण्डपाइपको पानि पिउन बाध्य थिए । अब उपरान्त यो समस्या हटने भएको छ । सो उदघाटन कार्यक्रमको अवसरमा वडा नम्बर ८ का वडा अध्यक्ष शिवपर्सन यादव,वडा नम्बर ९ का वडा अध्यक्ष श्यामकिशोर साह सहित स्थानिय भद्रभलादमी ,बुद्धिजिवीहरुको सहभागिता रहेको थियो ।

# महिला हिंसा सम्बन्धी जनचेतनामूलक कार्यक्रम

मधेशदृष्टि
गरूडा,२४ माघ । रौतहट जिल्लाको माधवनारायण नगरपालिकामा महिला हिंसा सम्बन्धी जनचेतना मूलक कार्यक्रम सम्पन्न भएको छ ।

समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत समुदाय-प्रहरी वडा समिति ९ नम्बर माधवनारायण नगरपालिकाको आयोजना र ईलाका प्रहरी कार्यालय पिप्रारजवडा रौतहटरको सहयोगमा आज सो कार्यक्रम गरिएको थियो ।

सो वार्ड स्थित पिप्रा टोलमा वडाका स्थानिय, भद्रभलादमी, महिला, पुरुष, बालबालिकाहरु समेत गरी अन्दाजी २५/३० जना मानिसहरुको सहभागितामा महिला हिंसा सम्बन्धी जनचेतनामूलक कार्यक्रम सम्पन्न भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको हो ।

## सम्पादकीय

# सरकारी गाडी, श्रीमती सवारी !

आजकल सरकारी सवारी साधनहरुको बाक्लो उपस्थिति देखिन्छ वीरगंज सीमापारीको रक्सौलमा । खास गरेर सार्वजनिक विदाको दिन सरकारी गाडी कार्यालय प्रमुख तथा जनप्रतिनिधिका आफन्तले किनमेलको लागि भारतीय सिमावर्ती सहर रक्सौल लगेको पाइएको छ ।त्यस्ता गाडी भारतीय आयल कर्पोरेशनको दक्षिणपट्टि रहेको सवारी पार्किङ्गमा राखेको पाइन्छ ।

खाद्यान्न, लत्ताकपडा, मरमसला लगायतका दैनिक उपयोगका सामान नेपालमा भन्दा पारी सस्तोमा पाइन्छ भन्ने विश्वास छ र किनमेल गर्नेकै लागि ठूलो संख्यामा नेपाली पारी पुग्दछन् । स्थानीय देखी काठमाडौं लगायतका विभिन्न स्थानबाट वीरगंज वा आसपास आएकाहरुको धोको हुन्छ रक्लौस पुगेर किनमेल गर्ने ।

जहाँ सस्तो पाइन्छ, त्यहाँ उपभोत्ता पुग्दछन् यो बजारको नियम हो । तर, हामीकहाँ सरकारी गाडी लिएर किनमेल गर्न जाने चलन छ । वीरगंजका विभिन्न अड्डा, स्थानीय तहहरुमा सरकारी कर्मचारीहरुको बाक्लो उपस्थिति छ । उनीहरुमध्ये अधिकांशको बसोबास काठमाडौं वा कुनै ठूला सहरमा हुन्छ । खास गरेर श्रीमानको जागिरमा आएको बेला श्रीमतीजीहरुको एउटा फूर्माइस हुन्छनै, रक्सौल जाने, किनमेल गर्ने । किनमेल गर्न जाँदा सरकारी गाडीमा सवारी हुने । सरकारी गाडीको यस्तो प्रयोग उनीहरुका लागि स्वभाविक हुनसक्छ, प्राकृत हुनसक्छ । किनकी श्रीमान् हाकिम, हाकिमको गाडीमा श्रीमती सवारी । तर, त्यस्तो होइन यो त दुरुपयोग हो । गाडी, गाडीमा लाग्ने तेल, चालकको उपयोग गर्नु भनेको राज्यकोषको पैसा व्यक्तिगत काममा प्रयोग गर्नु हो । यस बाहेक सरकरी गाडी लिएर गएपछि भंसार तिर्नुपर्ने झण्झट पनि हुँदैन । सक्दो सामान गाडी लिएर आउँदा कसैले रोकरोट गर्ने कुरा आउँदैन, एकातिर अनुभवी चालक अर्कोतिर सेतो प्लेटमा रातो अक्षरले नम्बर लेखेका गाडीहरु ।

पर्सा जिल्लामा रहेका १४ वटा पालिकाहरुमध्ये सिमावर्ती क्षेत्रमा पर्ने अधिकांश पालिकाको गाडी भारतीय सिमावर्ती सहरमा पुग्ने गरेको पाइन्छ । सरकारी नम्बर प्लेटको मोटरसाइकलमा त तस्करहरुले ल्याउने सामान भन्दा पनि बढि सामान लोड गरेर खुलेयाम मुख्य भन्सार हुँदै ल्याउँने गरेको सहजै देख्न सकिन्छ । जनप्रतिनिधि तथा कर्मचारी पत्नीहरुले सरकारी गाडीको दुरुपयोग गर्ने गरेको पाइन्छ ।

सरकारी गाडी सरकारी काममा मात्र प्रयोग गर्न पाइन्छ । बिदाका दिन कुनै काम परेमा स्थानीय प्रशासनबाट पूर्व स्वीकृत लिने व्यवस्था छन् । तर, कानूनलाई लत्याउँदै सरकारी निकायका कर्मचारी श्रीमती एवं जनप्रतिनिधिका श्रीमतीहरुले सरकारी गाडीको दुरुपयोग गर्ने गर्ने गर्दछन् । स्थानीय तह आफैमा सरकार हो । यस्ता फूजुल खर्च आफैले नियन्त्रणगर्नुपर्ने हो । तर, त्यस्तो तदारुकता स्थानीय तहका जिम्मेवार नेतामा पाइदैन । त्यसो त यो यदाकदा देखिने सयस्या होइन । सदावहारको समस्या हो । पटकपटक सरकारी गाडीको दुरुपयोग नियन्त्रण गर्ने चर्चा हुन्छ, त्यत्तिकै सेलाउँछ । कारण, नियन्त्रणमा गर्नुपर्ने स्थानमा बसेकाहरुबाटै दुरुपयोग भैरहेको हुन्छ ।

बिदाको दिन सरकारी गाडीहरु सडकमा देख्ने बित्तिकै ट्राफिक प्रहरीले नियन्त्रणमा लिनसक्ने प्रावधान छन् । ट्राफिक प्रहरी सार्वजनिक सरोकारको विषयमा हात हालेर जोखिम मोल्न चाहदैनन् । सरकारी गाडी जसरी भएपनि उपयोग गर्ने छुट हुन्छ जिम्मेवारीमा बसेकाहरुलाई भन्ने मनोविज्ञानले काम गरेको छ । यस्ता समस्यामा नागरिक समाजले चासो राख्नुपर्ने हो । मौसमी प्रकृतीका नागरिक समाजका अगुवाहरु यस्ता सार्वजनिक सरोकारका विषयमा मुछिन चाहदैनन् । सरोकारवाला निकाय प्रमुख जिल्ला अधिकारीले कहिलेकाँही छड्के चेकजाँचमात्र गर्ने हो भने सरकारी गाडी दुरुपयोग नियन्त्रण हुनसक्छ । कानूनहरु छन् अधिकारीहरु छन् तर इच्छाशक्तिको चरम अभाव छ ।

# विद्रोह अपराध होइन



– रामरिझन यादव

*नेपालमा लोकतन्त्रमाथि पार्टीतन्त्र हाबी छ । पार्टीतन्त्रको अस्वभाविक व्यवहार र बढ्दो चुरीफूरीले लोकतन्त्र अस्तब्यस्त भएको छ । र, सबैभन्दा ठूलो कहाली लाग्दो अवस्था के छ भने खुलेयाम लुटतन्त्रमा रुपान्तरित हुँदैछ । शायद यिनै कारणले होला सर्वसाधारण जनताले पूर्ण प्रजातन्त्रको अनुभूति गर्न सकिरहेका छैनन् ।*

कुनै पनि असत्यलाई दोहोराए तेहेऱ्याएपछि त्यो सत्यमा रुपान्तरित हुने गर्छन । हाम्रो हिन्दू धर्म, संस्कृति तथा संस्कारमा त हजारौ वर्षदेखि असत्यको खेति प्रचूर मात्रामा हुँदै आएको तथ्य जगजाहेर छ । जसलाई वाहुनवादले यसरी गाँजेको छ कि घोर पापी ब्रह्मा सृष्टिका कथित रचियता कहलाउँछन् । आमाबुबा मर्ने बेला वा मृत्युपश्चात् पनि गौदानलगायत विविध प्रकारका बहुमूल्य साम्रगी पुरोहितलाई यसकारण दानदक्षिणामा दिइन्छ कि त्यो साधनको प्रयोग मृतकको आत्माले कथित मृत्युलोकमा गरोस् । तर, त्यसलाई सम्बन्धित पुरोहितको परिवारजनले हाकाहकी व्यवहारमा ल्याइरहेको हामी देख्छौ । यति हुँदा हुँदै पनि त्यो दानदातव्य गर्न सचेत हिन्दू धर्माबलम्बीहरु समेत बाध्य छन् । किनभने, वाहुनवादको छाहारीमुनी सिर्जित हिन्दू धर्म साहित्य यति बलियो र समृद्ध छन् कि हामी त्यसलाई विरोध के (?) त्यसको असत्यताको उच्चारण समेत गर्न बन्धेज लगाइएको छ ।

सबैभन्दा ठूलो विडम्बना त के छ भने मनुस्मृतिमा आधारित हिन्दू धर्मको यो संविधान आज मार्गदर्शक सिद्धान्त बनेको छ । जसको अभिन्न अंग झूटो तथ्यमा आधारित वर्णवादीजस्तो कुहिएको र मकिएको व्यवस्था हो । त्यसैले त आजभन्दा १६९ वर्ष पहिले वि.स. १९१० मा जंगबहादुर कुँवरले बनाएको मुलुकी ऐनलाई संशोधन गरेको ६ दशक भैसक्दा पनि अहिले पनि छुवाछूतको नाममा हत्याहिंसाको ताण्डवनृत्यको मंचन रोक्न सकिएको छैन । किनकि, जंगबहादुरद्वारा विभाजित जाति व्यवस्थामा भोटे, चेपाङ्ग, कुमाल, हायु, घर्तीसंगै थारुलाई मासिन्या मतबालीमा राखिएको थियो । अर्थात् दास बनाउन पाउने जात ! तराई मधेशका वाहुनबाहेक अन्य मधेशीलाई त कुनै गणना नै गरिएको थिएन । त्यसैले रेशमलाल चौधरीको पुर्खा नेपाली भएर पनि दासत्व जीवन बाँच्न बाध्य भए भने लक्ष्मी महतोको पुर्वजलाई खुलेयाम अनागरिकको बिल्ला भिडाइयो । जसको अवशेष अद्यावधि कायम छ ।

नागरिकता विधेयकप्रति राष्ट्रपतिको बक्र दृष्टिकोण यसको ज्वलन्त प्रमाण हो । यस्तो विषम तथा प्रतिकूल परिस्थितिम लक्ष्मी महतो कोइरी तथा रेशमलाल चौधरीको लागि विद्रोह बाहेक अर्को कुनै विकल्प थिएन । त्यसैले स्वायत्तता, स्वशासन र आत्मनिर्णयको अधिकारको लागि २०७२ साल भाद्र ७ गते सयौ वर्षदेखि दासत्व जीवन बाँच्दै आएका पश्चिमा थारुहरुले विद्रोह बिगुल फूके भने २०७२ साल साउन ३० गतेबाट शुरु भएको तेस्रो मधेश आन्दोलन पहिलो संविधान सभाबाट स्वीकृत दस्तावेजलाई अक्षरशः संविधानमा लिपिबद्ध गर्नका लागि गरिएको थियो । यो मूलभूत अधिकारको लागि लडिएको एउटा यस्तो लडाई थियो जसको तातो रगत अहिलेसम्म सेलाएको छैन । नश्लीय चिन्तनबाट ग्रस्त राज्यले त्यसलाई लत्याउने काम मात्र गरेन, अहिंसात्मक आन्दोलनलाई समेत रक्ताम्य पार्यो । सशस्त्र प्रहरीका असई थमन विक त्यसैको शिकार बनेका थिए ।

**कथित फौजदारी अभियोग :**

विगत पाँच वर्षदेखि अनाहकमा जेलजीवन विताइरहेका नेपाल नागरिक उन्मुक्ति पार्टीका सल्लाहकार तथा भूपू सांसद रेशमलाल चौधरी निर्दोष हुन् भन्ने कुरा भूपूदेखि वर्तमान प्रधानमन्त्रीले स्वीकार गरिसकेको यथार्थ हो । सबैलाई थाहा छ एसएसपी लक्ष्मण न्योपानेसहित सातजना प्रहरीको हत्या भएको बेला रेशमलाल चौधरी कोशौ दूर टाढा थिए । फेरि त्यो हत्या कुनै अराजनीतिक कारणले पनि भएको थिएन । राज्यसंगको अधिकारको प्रश्नमा हिजो माओवादीले जसरी जनयुद्ध लडे ठीक त्यसरी नै थारुहरुले नलडे पनि भाद्र ७ गतेको घट्ना एक प्रकारको राजनीतिक विद्रोह नै थियो । राज्यकोषमा डाका हाल्न गएका थिएनन् । तर फरक के देखियो भने जनयुद्धकारीसँग एउटा बलियो र सुसंगठित संगठनात्मक संरचना थियो भने रेशमलाल चौधरीसँग थिएन । फलस्वरुप राज्यले रेशमलाललगायत विद्रोहीहरुलाई फौजदारी मुद्दा लगाए भने प्रचण्डबाबुराममाथि लगाउन सकेनन् । त्यसैले प्रचण्डबाबुरामलाई सत्ताको स्वाद चाख्दैमा फुर्सद छैन भने रेशमलालले जनअनूमोदित गरीमामय पद पाए पनि त्यसलाई सदुपयोग भने गर्न दिइएनन् ।

वेष्टमिनिष्टर प्रणालीमा जनअनूमोदित संसदले राजालाई पनि मृत्युमा हस्ताक्षर गराउन सक्ने हैसियत राख्दछ । नेपालको वर्तमान संघीय लोकतान्त्रिक गणतन्त्र तिनै वेस्टमिनिष्टर प्रणालीको अधकल्चो दोस्रो संस्करण हो । तर, पाँच वर्ष बितिसक्दा पनि संसदले बनाउन नसकेको कानून अध्यादेशमार्फत ल्याउने प्रयास भयो । जो असफल साबित भयो । कुत्सित मनसायबाट ल्याइएको त्यो अध्यादेशबाट थारु विद्रोह तथा मधेश आन्दोलनताका लगायतका मुद्धामात्र होइन, मेहबूब आलम तथा श्यामसुन्दर गुप्ताजस्ता अपराधिक वारदातमा परेका भूपू सांसद तथा मन्त्रीहरु पनि रिहा हुनसक्थे । जसरी शेरबहादुर देउबा प्रधानमन्त्री हुने वित्तिकै विजय गच्छेदार भ्रष्टाचारको मुद्धामा अदालतमा हाजिरपछि धरौटीमा रिहा भए । त्यसैगरी आलम, गुप्तालगायत व्यक्तिहरु उन्मुक्ति पाउने सम्भावना प्रवल थियो ।

यसैबीचमा एमाले सांसद लक्ष्मी महतो कोइरीलाई पूर्णतः अपराधिक घोषणा गरिएको छ । आखिर उनको अपराध के हो ? के कस्तो वारदात उनले गरेका थिए, जसलेगर्दा आज राष्ट्रिय मिडियादेखि सरकारसम्मले उनलाई भूमिगत हुन बाध्य पारेका छन ? हिजो तिनै सरकारले राष्ट्रपतिबाट समाजसेवाको पदक दिन सिफारिस गरेको सिफारिशीको मसी नसुक्दै उनी रातारात कसरी अपराधी भए ? उल्लेखनीय कुरा के छ भने कुनै पनि सिफारिशीलाई स्थानीय प्रशासनले रुजू नगरुञ्जेलसम्म सदर हुँदैन । स्थानीय महोत्तरी प्रशासनले त्यसमाथि मोहर लगाएकै हो । त्यसैले लक्ष्मी महतो कुनै अपराधी होइन । एउटा झाँगिएका राजनीतिकर्मी हुन् । गणतान्त्रिककालभन्दा पहिले पनि उनी महोत्तरी जिल्लामा उत्कृष्ट गाविस अध्यक्षको रुपमा पुरस्कृत भएका थिए भन्ने हेक्का सम्बन्धित पक्षलाई होस् । तत्पश्चात् मधेश आन्दोलन भयो । उनी मधेशवादी पार्टीमा लागे । हिजोसम्म उनी जनता समाजवादी पार्टीका नेता थिए । आज एमालेको सांसद भएका छन् । त्यसैले मुद्धा मधेश आन्दोलनको भए पनि मधेशवादी पार्टीहरु उनको बारेमा बोल्न चाहदैनन् । किनकि, नेपालमा लोकतन्त्रमाथि पार्टीतन्त्र हाबी छ । पार्टीतन्त्रको अस्वभाविक व्यवहार र बद्दो चुरीफूरीले लोकतन्त्र अस्तब्यस्त भएको छ । र, सबैभन्दा ठूलो कहाली लाग्दो अवस्था के छ भने खुलेयाम लुटतन्त्रमा रुपान्तरित हुँदैछ । शायद यिनै कारणले होला सर्वसाधारण जनतालाई पूर्ण प्रजातन्त्रको अनुभूति हुन सकिरेको छैन ।

> “माओवादीले जसरी जनयुद्ध लडे ठीक त्यसरी नै थारुहरुले नलडे पनि भाद्र ७ गतेको घट्ना एक प्रकारको राजनीतिक विद्रोह नै थियो । राज्यकोषमा डाका हाल्न गएका थिएनन् । तर फरक के देखियो भने जनयुद्धकारीसँग एउटा बलियो र सुसंगठित संगठनात्मक संरचना थियो भने रेशमलाल चौधरीसँग थिएन । फलस्वरुप राज्यले रेशमलाललगायत विद्रोहीहरुलाई फौजदारी मुद्दा लगाए भने प्रचण्डबाबुराममाथि लगाउन सकेनन् । त्यसैले प्रचण्डबाबुरामलाई सत्ताको स्वाद चाख्दैमा फुर्सद छैन भने रेशमलालले जनअनूमोदित गरीमामय पद पाए पनि त्यसलाई सदुपयोग भने गर्न दिइएनन् ।

**घट्नाको वास्तविकता :**

सबैलाई थाहा भएकै कुरा हो कि वर्तमान संविधानमा मधेशवादी पार्टीको स्वामित्व छैन । छ भने अत्यन्तै न्यून छ । किनकि, संविधान निर्माणको बेला मधेशवादीहरु सडकमा थिए । आन्दोलनबाट नै आफ्नो अधिकारको प्रत्याभूति गराउन चाहन्थे । जो काठमाडौंवेष्ठीत सर्बसत्तालाई मंजूर थिएन । ६ महिनासम्म मधेशी समुदायले पटुका बाँधेर आन्दोलन गरे । तर, काठमाडौं टसमस भएन । यही क्रममा २०७२ साल भादौ २३ गते संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाका एक घटक तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) ले महोत्तरी जेलेश्वरको महेन्द्र ( हाल दुर्गा ) चोकमा वृहत् आम सभाको आयोजना गरेको थियो । आन्दोलनको शुरुवातदेखि नै प्रहरी र आन्दोलनकारीबीच घम्साघम्सी चलिरहेको अवस्थामा त्यो दिन ढुङ्गामुडामा परिणत भयो । प्रहरीले आश्रु ग्यासको फायर खोले । वातावरण कुहिरोमा बदलियो । भागा भागको अवस्थामा नै केही आन्दोलनकारीले नगिचै रहेको न्यायधीश क्वार्टरमा आगजनी गरे । बर्दीधारीसंगै उभिरहेका सिभिल ड्रेसका प्रहरीले दस कक्षाका विद्यार्थी रोशन चौधरीलाई दुईटा गोली छातीमा दागे । त्यसपछि अमित कापडि र रामविवेक यादवलाई हानियो । सबै यथास्थानमा नै ठहरै भए । चापाकलमा आश्रु ग्यास धोएर पानी खाइरहेका वीरेन्द्र विच्छालाई टाउकोमा नै गोली हानियो । त्यसपछि जलेश्वरमा कर्फ्यू लगाइयो । गोली लागेका वीरेन्द्र विच्छालाई उपचारको लागि काठमाडौं लगियो । जहाँ उनको मृत्यु भयो । भोलिपल्ट विहान २ घन्टाको लागि किनमेल गर्न कर्फ्यू हटाइयो । यसैबीच सुराकी गर्दै सिभिल ड्रेसमा निस्केका असई थमन विकलाई आन्दोलनकारीहरुले चिने । त्यही समाते । पछि लछार पछार गर्दै मारेको घट्ना सत्य हो । जसमा प्रत्यक्षतः लक्ष्मी महतो संलग्नता थिएन । तर आन्दोलनकारी भएकोले रेशमलाल चौधरीजस्तै उनीमाथि फौजदारी मुद्धा लगाइयो ।

यसरी महोत्तरी प्रशासनले वारदातमा भए नभएका १७ जनामाथि फौजदारी अभियोग लगाए । तर, सिभिल प्रहरीलाई गोली हान्ने अधिकार हुँदैन भन्ने आन्दोलनकारीहरुले केस दर्ज गर्न जादा स्थानीय प्रशासनले दर्ता गरेन । कतिसम्म भने प्रहरी मारिएको झोंकमा स्थानीय प्रशासनले भाद्र २५ गते महोत्तरी र धनुषामा जसरी फायर खोले त्यो कानूनतः सर्वथा अनुचित थियो । त्यो दिन ७० वर्षीय पत्रकार गणेश चौधरीलाईमात्र होइन, आधा दर्जन सर्वसाधारणदेखि आन्दोलनकारीलाई अनाहकमा ज्यान लिए । लाग्थ्यो जनकपुर र जलेश्वर सिरयाको दमिष्क भैसकेको छ । जहाँ इसलामिक स्टेटसले अन्धाधुन्ध सर्वसाधारणमाथि गोली बर्सारहेका छन् । तर, शान्तिपूर्ण आन्दोलन गरिरहेका निहत्था प्रदर्शनकारीमाथि गोली चलाउदा कुनै मुद्धा दर्ता नगरे पनि लक्ष्मी महतो एउटा आन्दोलनकारी भएकै कारणले अभियोग लगाइयो । जो सरासर वइमानी हो । नश्लीय चिन्तन हो ।

अन्त्यमा,

यसरी लक्ष्मी महतो कोइरी तथा

- बाँकी पृष्ठ ६ मा

# महङ्गो मधेश, बढ्यो विप्रेषण आप्रवाह, बैंकको कुल कर्जामध्ये ६६ प्रतिशत बढी घरजग्गामा

*नेपाल राष्ट्र बैंकको प्रतिवेदनका अनुसार मुलुकको विदेशी मुद्रा (विनिमय) सञ्चिति बढेको छ । राष्ट्र बैंकले सोमवार सार्वजनिक गरेको प्रतिवेदन अनुसार गत असारको तुलनामा पुस मसान्तसम्ममा कूल विदेशी मुद्राको सञ्चिति १० प्रतिशतले बढेको हो।*

पुस महिनामा काठमाडौं उपत्यकामा ६.९३ प्रतिशत, मधेशमा ७.४९ प्रतिशत, पहाडमा ७.३० प्रतिशत र हिमालमा ६.६९ प्रतिशत मुद्रास्फीति रहेको छ । २०७८ पुस महिनामा यी क्षेत्रहरूमा क्रमशः ५.२८ प्रतिशत, ६.१५ प्रतिशत, ५. ३४ प्रतिशत र ५.२२ प्रतिशत मुद्रास्फीति रहेको नेपाल राष्ट्र बैंकको प्रतिवेदनले जनाएको छ।

पुस महिनामा विप्रेषण आप्रवाह २४. ३ प्रतिशतले वृद्धि भई रु ५८५ अर्ब ८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ५ प्रतिशतले प्रतिशतले घटेको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह १३. ९ प्रतिशतले वृद्धि भई ४ अर्ब ५० करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह ५.७ प्रतिशतले घटेको थियो ।

नेपाल राष्ट्र बैंकको प्रतिवेदनका अनुसार पुस महिनामा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या ६४.६ प्रतिशतले वृद्धि भई २,७५,६४३ पुगेको छ । त्यसैगरी, वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा ९.५ प्रतिशतले वृद्धि भई १,४२,५४८ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या २९८.१ प्रतिशतले बढेको थियो ।

नेपाल राष्ट्र बैंकको प्रतिवेदनका अनुसार मुलुकको विदेशी मुद्रा (विनिमय) सञ्चिति बढेको छ। राष्ट्र बैंकले सोमवार सार्वजनिक गरेको प्रतिवेदन अनुसार गत असारको तुलनामा पुस मसान्तसम्ममा कूल विदेशी मुद्राको सञ्चिति १० प्रतिशतले बढेको हो।

गत असार मसान्तमा मुलुकको विदेशी मुद्राको सञ्चिति रू १२ खर्ब १५ अर्ब ८० करोड रहेकोमा पुस मसान्तमा रू. १३ खर्ब ३७ अर्ब २९ करोड पुगेको प्रतिवेदनमा उल्लेख छ। अमेरिकी डलरमा यस्तो सञ्चिति असार मसान्तमा रू. ९ अर्ब ५४ करोड रहेकोमा पुस मसान्तमा बढेर रू. १० अर्ब ३० करोड कायम भएको छ। यो असार मसान्तको तुलनामा ८ प्रतिशतले बढी हो।

कूल विदेशी मुद्राको सञ्चितिमध्ये राष्ट्र बैंकमा रहेको सञ्चिति पनि बढेको छ। गत असार मसान्तमा रू १० खर्ब ५६ अर्ब ३९ करोड विदेशी मुद्राको सञ्चिति रहेकोमा पुस मसान्तमा रू ११ खर्ब ८३ अर्ब ३७ करोड पुगेको छ।

यस्तै बैंक तथा वित्तीय संस्था (राष्ट्र बैंक बाहेक)सँग रहेको विदेशी मुद्राको सञ्चिति भने घटेको छ। गत असार मसान्तमा बैंक तथा वित्तीय संस्थासँग रू. १ खर्ब ५९ अर्ब ४१ करोड विदेशी मुद्राको सञ्चिति रहेकोमा पुस मसान्तमा रू. १ खर्ब ५३ अर्ब ९१ करोडमा सीमित भएको छ। यो अवधिमा बैंक तथा वित्तीय संस्थासँग विदेशी मुद्राको सञ्चिति ३.४ प्रतिशतले घटेको हो।

पुस मसान्तको कूल विदेशी मुद्राको सञ्चितिमा भारतीय मुद्राको अंश २३.६ प्रतिशत छ। अहिलेको विदेशी विनिमय सञ्चिति १०.४ महिनाको वस्तु आयात र ९.१ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने राष्ट्र बैंकको प्रतिवेदनमा उल्लेख छ।

नेपाल राष्ट्र बैंकले सोमवार प्रकाशित गरेको मासिक प्रतिवेदन अनुसार गत पुस मसान्तसम्ममा कूल बजार पूँजीकरण ३१ खर्ब ३ अर्ब रुपैयाँ छ । यो २०७८ पुस मसान्तसम्मको तुलनामा २३ दशमलव ६ प्रतिशतले कम हो । अघिल्लो पुस मसान्तसम्ममा बजार पूँजीकरण ४० खर्ब ३७ अर्ब रुपैयाँ थियो ।

### नेप्सेमा सूचीकृत कम्पनी बढे

पछिल्लो एक वर्षमा नेप्सेमा सूचीकृत कम्पनीहरूको संख्या बढेको छ । गत पुस मसान्तसम्ममा यस्ता कम्पनीको संख्या २४९ पुगेको छ । २०७८ पुसमा भने यो संख्या २२५ थियो । अर्थात एक वर्षमा नेप्सेमा २४ वटा नयाँ कम्पनीहरू सूचीकृत भएका छन् ।

सूचीकृत कम्पनीहरूमध्ये १४९ वटा बैंक तथा वित्तीय संस्था र बीमा कम्पनी रहेका छन । यस्तै ६३ वटा जलविद्युत कम्पनी, १९ वटा उत्पादन तथा प्रशोधन उद्योग, ६ लगानी कम्पनी, ५ होटल, ४ व्यापारिक संस्था र ३ अन्य समूहका कम्पनी छन । सूचीकृत कम्पनीहरूमध्ये बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीको धितोपत्र बजार पूँजीकरणको हिस्सा ६६.२ प्रतिशत छ । यस्तै जलविद्युत कम्पनीको हिस्सा १२.३ प्रतिशत, लगानी कम्पनीको हिस्सा ६.७ प्रतिशत र उत्पादन तथा प्रशोधन उद्योगको हिस्सा ४.२ प्रतिशत छ ।

सूचीकृत कम्पनीहरूमध्ये होटेलको हिस्सा १.८ प्रतिशत, व्यापारिक संस्थाको हिस्सा ०.५ प्रतिशत तथा अन्य समूहका कम्पनीको हिस्सा ८.३ प्रतिशत छ ।

### कर्जाका कुरा

बैंक तथा फाइनान्स कम्पनीहरूको कुल कर्जा रकम ४८ खर्ब १६ अर्ब रुपैयाँ पुगेको छ । राष्ट्र बैंकका अनुसार माघको दोस्रो सातासम्ममा सञ्चालनमा रहेका २२ वटा वाणिज्य बैंक, क्षेत्रीय तथा राष्ट्रियस्तरका समेत गरी १७ वटा विकास बैंक र १७ वटा फाइनान्स कम्पनीसहित ५६ वटा संस्थाहरूले उक्त परिमाणमा कर्जा प्रवाह गरेका हुन । उक्त कर्जामध्येमा वाणिज्य बैंकहरूले मात्र प्रवाह गरेको कुल कर्जा रकम ४२ खर्ब ७१ अर्ब रुपैयाँ रहेको छ भने विकास बैंक र फाइनान्स कम्पनीहरूले प्रवाह गरेको कुल कर्जा रकम पाँच खर्ब ४६ अर्ब रुपैयाँ रहेको छ ।

राष्ट्र बैंकका अनुसार चालू आवको पछिल्लो अवधिमा बैंक तथा फाइनान्स कम्पनीहरूले संकलन गरेको कुल निक्षेप रकम भने ५३ खर्ब ६१ अर्ब रुपैयाँ पुगेको छ । उक्त निक्षेपमध्ये वाणिज्य बैंकहरूमा मात्र कुल ४७ खर्ब २३ अर्ब रुपैयाँ निक्षेप रहेको छ भने विकास बैंक र फाइनान्स कम्पनीहरूमा छ खर्ब ३८ अर्ब रुपैयाँ निक्षेप रहेको छ ।

बैंक तथा फाइनान्स कम्पनीहरूको लगानी रहेको कुल कर्जामध्ये ६६ दशमलव आठ प्रतिशत कर्जा भने घरजग्गाको धितोमा प्रवाह भएको देखिएको छ । यसबाहेक १२ दशमलव तीन प्रतिशत कर्जा भने चालू सम्पत्ति अर्थात कृषि तथा गैर-कृषिजन्य वस्तुको धितोमा प्रवाह भएको राष्ट्र बैंकको भनाइ छ । गत आवको सोही अवधि अर्थात २०७८ मंसिर मसान्तमा यस्तो धितोमा प्रवाहित कर्जाको अनुपात क्रमशः ६६ दशमलव पाँच प्रतिशत र १२ दशमलव चार प्रतिशत रहेको थियो ।

बैंक तथा फाइनान्स कम्पनीहरूको कुल निक्षेप रकम भने चालू आवको पछिल्लो पाँच महिनामा दुई दशमलव दुई प्रतिशत अर्थात एक खर्ब ११ अर्ब १५ करोड रुपैयाँले बढेको छ । राष्ट्र बैंकका अनुसार अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप ७८ अर्ब ४४ करोड रुपैयाँ अर्थात एक दशमलव सात प्रतिशतले बढेको थियो ।

- बाँकी पृष्ठ ६ मा

# युएसएआइडीका प्रशासक पावर नेपालमा



काठमाडौँ, २४ माघ
अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसआइडी) की प्रशासक समान्था पावर दुईदिने नेपाल भ्रमणका लागि यहाँ आइपुगेका छन । आफ्नो भ्रमणका क्रममा उनले नागरिक समाजका संस्थाहरू र सरकारी अधिकारीहरूसँग भेट गर्नुहुने यहाँस्थित अमेरिकी राजदूतावासले जनाएको छ । प्रशासक पावरले युएसआइडीले लोकतान्त्रिक र समृद्ध नेपाललाई सहयोग गर्न स्थानीय समुदायहरूसँग साझेदारी गरिएका सम्बन्धमा नजिकबाट नियाल्नुहुने बताइएको छ।

प्रशासक पावरले नेपाल सरकार र जनतासँग संयुक्त राज्य अमेरिकाको ७५ वर्षभन्दा लामो साझेदारीलाई जोड दिँदै नेपालसँगको संलग्नता थप बढाउने युएसआइडीको प्रतिबद्धतालाई उजागर गर्नेछ । उनले भ्रमणका क्रममा युएसएआइडीको नेपालमा थप सहयोग वृद्धिका लागि प्रतिबद्धता जाहेर गर्नेछ । साथै नेपालको प्रजातान्त्रिक अभ्यास, सङ्घीयता, सामाजिक समावेशिता, नागरिक समाज र प्रेस स्वतन्त्रतालगायत विषयमा नयाँ कार्यक्रम घोषणा गरिने युएसएआइडीको विज्ञप्तिमा उल्लेख छ। नेपालको विकासमा युएसएआइडीले निर्वाह गरेको भूमिका र उच्चस्तरीय भ्रमणले नेपाल अमेरिका सम्बन्धमा थप उचाइ हासिल गर्ने अपेक्षा गरिएको छ । नेपालको आर्थिक सामाजिक शैक्षिक विकासमा विगत छ दशकभन्दा बढी समयदेखि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको युएसएआइडीको मुख्य अधिकारीको नेपाल भ्रमण विशेष महत्व हुने अपेक्षा गरिएको छ।

को हुन प्रशासक पावर

समान्था पावरले युएसएआइडीकी १९औं प्रशासकका रूपमा सन् २०२१ को मे ३ तारिखमा पदभार ग्रहण गरेका हुन। उनले विश्वको अग्रणी अन्तर्राष्ट्रिय विकास निकाय र यसअन्तर्गत विश्वभर रहेका १० हजारभन्दा धेरै कर्मचारीको नेतृत्व गर्दै आएका छन । पावर सन् २०१३ देखि २०१७ सम्म संयुक्त राष्ट्र सङ्घका लागि २८औँ अमेरिकी स्थायी प्रतिनिधिका रूपमा सेवारत थिए । सो समयमा उनले इबोला महामारीविरुद्धलड्न,पेरिसजलवायु सम्झौता अनुमोदन गर्न र आइएसआइएसको वित्तीय सञ्जाल कमजोर पार्ने नयाँ अन्तर्राष्ट्रिय कानुन विकास गर्न देशहरूलाई एकजुट गरेका थिए। प्रशासक पावर सन् २००९ देखि २०१३ सम्म अमेरिकाको राष्ट्रिय सुरक्षा परिषद्की कर्मचारी भई राष्ट्रपतिका विशेष सहायकका रूपमा र बहुपक्षीय मामिला तथा मानव अधिकारसम्बन्धी वरिष्ठ निर्देशकका रूपमा पनि कार्यरत थिए ।उनले आफ्नो पेसागत जीवनको सुरुआत बोस्नियामा एक युद्ध संवाददाताका रूपमा गर्नुभएको थियो । कोसोभो, रुवान्डा, सुडान र जिम्बाब्वेलगायत स्थानबाट रिपोर्टिङ गरेकी पावर विभिन्न पुस्तककी लेखिका तथा सम्पादक हुनाका साथै गैरआख्यान विधामा सन् २००३ को पुलित्जर पुरस्कारको विजेता पनि छन ।रासस

# आलुको उचित मुल्य नपाउँदा किसान मारमा

घनश्याम बलम्पाकी
सर्लाही,२४ माघ । सर्लाहीको उत्तर-पश्चिम भेगस्थित सैयौं हेक्टरमा उत्पादन भएको आलुको उचित मुल्य नपाउँदा किसान मारमा परेका छन् ।

व्यवसायिक रुपमा आलु खेती गरेका किसानले रोपाइको समयमा प्रतिकेजी ४०/४५ रुपियाँमा किनेर रोपेको आलु अहिले ११/१२ रुपियाँमा बिक्री गर्न बाध्य भएको किसानहरुले गुनासो गरेका छन् । छिमेकी मुलुक भारतबाट सस्तो मुल्यमा आलु बजारमा भित्रिएकाले यस क्षेत्रका किसानले उत्पादन गरेको आलुको भाउ पाउन नसकेको हो ।



बरहथवा नगरपालिका-२ हजरियाका आलु किसान अर्जुन गीरीले लामो समयदेखि ब्यवसायिक रुपमा आलु खेती गर्दै आएका छन् । यस बर्ष डेढ बिगाह जमिनमा आलु खेती गरेका छन् । उनले व्यापारीलाइ प्रति किलो १२ रुपैंया प्रति किलो खेतबाटै बेचेका छ्न् । गीरीले डेढ विगाहमा लगाएको आलुबाट गत वर्ष ३ लाख ६ हजार रुपियाँ लिएको भएपनि यो वर्ष १ लाख ८० हजार रुपियाँमा चित्त बुझाउनु परेको बताए। उनका अनुसार यो वर्ष एक कठ्ठामा आलु फलाउन किसानको ६/८ हजार रुपियाँसम्म खर्च भएको बताए । "बीउ र मल किन्ने बेला अत्यन्त महँगो पर्यो, त्यो अनुसार अहिले आलुको मुल्य नै पाएनौँ" गीरीले भने ।

त्यस्तै बरहथवा नगरपालिका-२ हजरियाकै अर्का किसान रामजी महतोले यो वर्ष आलु खेतीबाट लागत उठाउन समेत मुस्किल परेको गुनासो गरे । "आलु गत वर्ष प्रतिकेजी १८ /२० रुपियाँमा बिक्री गरेका थियौं, यो वर्ष १२ रुपियाँ बेच्नु पर्यो, लागत र हैरानी उठेन, आलु लगाउने समयमा किसानले कालोबजारीमा युरिया मल प्रतिबोरा १ हजार ७ सय देखि २ हजार रुपियाँ र डिएपी ३ हजार ५ सय रुपियाँसम्म किनेर हालेका थियौं, महँगीको बीउ र मल हालेर फलाएको आलुले उचित मुल्य नपाएको उनले निराश हुँदै भने' उनका अनुसार भण्डारण स्थलको अभावमा किसानले खेतबाट नै व्यापारीलाई आलु बिक्री गर्न बाध्य भएका छन् ।

बरहथवा-४ की किसान सृजना कार्कीले अहिले आलु बेचेकी छैनन्, उनले चार बिगाहामा आलु खेती गरेको बताइन् । अहिलेको मुल्यमा आलु बेच्ने हो भने लागतसमेत पनि नउठ्ने उनि बताउँछिन् । कार्की आलुको मुल्य बढ्ने पर्खाइमा छिन्, । मुल्य बढेपछि बेच्ने मुडमा छिन् कार्की, । जिल्लाको हजरिया, राजघाट, बरहथवा, शङ्करपुर लगायत क्षेत्रमा व्यवसायिक रुपमा आलु खेती हुने गरेको छ। बिगतको बर्षमा भन्दा यस बर्ष आलुको मुल्य दोब्बरले कमी भएको किसानहरु बताउँछन् । आफूहरुको समस्यामा स्थानीय तह र सम्बन्धित निकायले चासो नदिएको किसानहरुले गुनासो गरेका छन् ।

पछिल्लो समय उत्पादित आलुको उचित मुल्य नपाउने र बर्षेनी लागत बढ्दै जानाले पनि आलु खेतीप्रति यस क्षेत्रको किसान निराश बन्दै गएको बरहथवा नगरपालिका २ का वडाध्यक्ष पुष्कर राउतले बताए। उनि भन्छन् अहिले यस क्षेत्रको किसानलाइ खाउँभने दिनभरीको शिकार, नखाउँ भने कान्छा बाउको अनुहार जस्तै भएको छ, आलुखेती ।

यस क्षेत्रमा लालगुलाव, कुप्रीसिन्दुरे, विविरे र कोमल जातको आलु बिषेश रुपमा उत्पादन गर्ने गरेको छ । जिल्ला कृषिज्ञानकेन्द्रका अनुसार जिल्लाभर १ हजार ४ सय हेक्टरका हाराहारी क्षेत्रफलमा आलु खेती भएको जानकरी दिए। सर्लाहीमा यसबर्ष मात्र ३ लाख ५० हजार क्वीन्टल आलु उत्पादनहुने कृषि ज्ञानकेन्द्र मलंगवाका प्रमुख कमलदेव कुशवाहाले जनाएको छ। यो महिनामा पर्याप्त आलु उत्पादन हुनाले पनि मुल्यमा गिरावट आएको बताए । आलुको मुल्य घट्नुमा अन्य कारणहरु आफुलाइ थाहा नभएको प्रमुख कुशवाहाले अनभिज्ञता प्रकट गरे ।

यस क्षेत्रका किसानहरुले मकै लगाएतको बालीमा समेत अन्तरबालीको रुपमा समेत आलु उत्पादन गर्दै आएका छन् । जील्लामा सित भण्डारणको राम्रो ब्यवस्था नहुँदा भाउ राम्रो नपाएको किसानहरुको भनाइ छ।

सर्लाहीका किसानले उत्पादन गरेका आलु लगायत अन्य तरकारी बिरगंज, रौतहटको चन्द्रपुर, बाराको कलैया लगायतको स्थानमा शित भण्डारणको लागि लैजानु पर्ने बाध्यता रहेको बरहथवा-२ हजरियाका किसान महेश बरालले गुनासो गरे ।

आलु खेती गर्दा जमिन हेरेर बिउँ, खन, जोत, खाद मल र गोडमेल समेत गरेर गत बर्ष पाँचहजार रुपियाँ खर्च भएको थियो, तर यस बर्षको लागत खर्च ६ देखि ८ हजार प्रति कठ्ठा भएको किसानहरु बताउँछन् । विशेष गरि जिल्लाको बरहथवा, बागमती नगरपालिकामा ब्यवसायिक रुपमा आलु खेती गरिन्छ ।

यस क्षेत्रलाइ आलु पकेट क्षेत्र समेत घोषणा गरिएको छ ।

# तरकारी ढुवानी गर्न कृषि एम्बुलेन्स



भरतपुर, २४ माघ
कृषि क्षेत्रको समस्या समाधान गर्नका लागि चितवनको इच्छाकामना गाउँपालिकाले कृषि एम्बुलेन्स सञ्चालन गर्ने भएको छ । यसका लागि सङ्घीय सरकार र गाउँपालिकाले बजेट विनियोजन गरेको छ । पालिकाभित्र पर्ने पहाडी क्षेत्रका किसानलक्षित कृषि एम्बुलेन्स खरिद गर्न लागेको गाउँपालिकाका अध्यक्ष दानबहादुर गुरुङले बताए । घुम्ती सेवामार्फत कृषि उत्पादन किसानका घर-घरबाट बजारसम्म ल्याइने उहाँले जानकारी दिए ।

उनका अनुसार वडा नं १, २ र ७ का किसानले उत्पादन गरेका कृषिजन्य उत्पादनको सहज ढुवानीका लागि तीनवटा कृषि एम्बुलेन्स खरिद गर्ने तयारी गरिएको हो । किसानले उत्पादन गरेका कृषि उपजलाई बजारसम्म लैजान सहज होस् भन्ने उद्देश्यले कृषि एम्बुलेन्स खरिद गर्न खोजेका हौँ, उनले भने । अहिले पनि इच्छाकामनाको पहाडी क्षेत्रका बासिन्दाले निकै कष्टका साथ कृषिजन्य उत्पादन बजार पुऱ्याउनुपर्ने बाध्यता छ ।

तत्कालका लागि तीनवटा एम्बुलेन्स खरिद गर्ने तयारीमा रहेको अध्यक्ष गुरुङले बताए । उनका अनुसार सङ्घीय सरकारले रु ४० लाख बजेट व्यवस्थापन गरिदिएको छ भने त्यसमा पालिका र कृषि समूह तथा सहकारीको सहकार्यमा आधा-आधा रकमको व्यवस्थापन हुनेछ । सङ्घीय सरकारसँगै पालिकाले २५ प्रतिशत र कृषि समूह तथा सहकारीको २५ प्रतिशत रकम व्यवस्थापन गरेर कृषि एम्बुलेन्स खरिद गर्ने योजना हो, उनले भने ।

गाउँपालिकाले तीनवटा एम्बुलेन्स खरिदका लागि करिब रु ८५ लाख खर्च लाग्ने अनुमान गरेको छ । विशेषगरी वडा नं १ को भाराङ, हात्तीवाङ, वडा नं २ को मायाटार, वल्र्याङ र वडा नं ७ को दाहाखानीलगायतका क्षेत्रलक्षित गरी साधन खरिद गर्न लागेको हो, अध्यक्ष गुरूङले भने । कृषि एम्बुलेन्सको प्रयोगबाट भौगोलिक विकटताका कारण किसानले उत्पादन गरेका तरकारी तथा फलफूलले उचित बजार नपाउँदा बारीमै फाल्नुपर्ने अवस्थाको अन्त्य हुने गाउँपालिकाले विश्वास लिएको छ । पालिकाको वार्षिक नीति तथा कार्यक्रमअन्तर्गत रहेर यो कार्यक्रम सञ्चालनको तयारीमा छौँ, उनले भने ,बजेटेको व्यवस्थापनका लागि पटक-पटक सङ्घीय सरकार धाउनुपऱ्यो । इच्छाकामना गाउँपालिकाभित्र सुन्तला उत्पादन राम्रो हुन्छ। यस्तै काँक्रो, गोलभैँडा, फर्सी, बन्दा, काउली, भेडे खुर्सानी, अदुवा, रायो, आलु, करेला, घिरौँला, मुला, स्कुस, लौका, धनियाँ, पालुङ्गोलगायतका तरकारी उत्पादन हुने गरेको छ । गाउँमा उत्पादन भएका फलफूल र तरकारी राजमार्गमा रहेका चुम्लिङटार, कुरिनटार र मुग्लिनमा ल्याएर बेच्ने गरिएको छ ।रासस

# सूचना प्रविधिका क्षेत्रमा नेपाल प्रतिस्पर्धी : मन्त्री शर्मा

काठमाडौँ, २४ माघ
सूचना प्रविधिको क्षेत्रमा नेपाल प्रतिस्पर्धी बन्दै गएको भए पनि आन्तरिक उत्पादन र सेवाको प्रवर्द्धन हुन नसक्दा यो क्षेत्र फस्टाउन नसकेको जानकारहरुले बताएका छन् ।



यहाँ मंगलवारदेखिसुरु भएको 'इन्फो डेभलपर्स क्यान इन्फोटेक- २०२३' प्रदर्शनीको उद्घाटन कार्यक्रममा बोल्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले यो सूचना प्रविधिको युग रहेको बताउँदै यो राष्ट्रियतासँग पनि जोडिएको बताए । अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याउने यस क्षेत्रलाई राज्यले संरक्षण र प्रवर्द्धन गर्न नसकेको उनको भनाइ छ।

आर्थिक समृद्धिका लागि सूचना प्रविधिको योगदान महत्वपूर्ण छ । यो राजस्व बढाउने र राष्ट्रियता स्थापित गर्न सकिने क्षेत्र रहेछ । सानो-सानो कुरामा ध्यान दिँदा अर्बौं राजस्व जोगिने मात्र नभई यसबाट हामी राजस्व सिर्जना गर्न पनि सक्ने रहेछौँ । राष्ट्रियता जोगाउने सवालमा पनि प्रविधि क्षेत्रको भूमिका महत्वपूर्ण छ, मन्त्री शर्माले भने ।

सूचना प्रविधि क्षेत्रलाई राज्यले प्राथमिकतामा राख्न नसक्दा जनशक्ति विकासमा उल्लेख्य प्रगति हुन नसकेको पनि उहाँले बताए ।

विगतमा राजनीतिक अस्थिरताका कारण मुलुकको आर्थिक विकासका लागि कुन क्षेत्रलाई प्राथमिकतामा राख्ने भनेर अस्पष्टता रह्यो । हामीले जनशक्ति जोगाउन नसक्दा बाहिर जाने र त्यस्तो जनशक्ति हामीलाई चाहिँदा बाहिरबाट ल्याउनुपर्ने अवस्था छ, शर्माले भने ।

जनतालाई आधारभूत सेवा प्रवाहमा पनि प्रविधिको प्रयोग बढाउँदै जान आवश्यक रहेको बताउदै शर्माले प्रविधिको प्रयोगले सार्वजनिक सेवालाई पारदर्शी बनाउन सकिने उनको भनाइ छ।

नेपालको सूचना प्रविधि क्षेत्रलाई अझ प्रतिस्पर्धी बनाउन विस्तृत अध्ययन गरेर अघि बढ्ने र कानुन बनाउने विषयलाई प्राथमिकतामा राखिने पनि मन्त्री शर्माले बताए।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासङ्घका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले कोभिड महामारीपछि नेपालमा प्रविधिको प्रयोग बढेको बताए ।

नेपालमा उत्पादित कतिपय प्रविधि विश्वस्तरमै प्रतिस्पर्धा गर्नसक्ने अवस्थामा रहेको उनको भनाइ छ । नेपाल प्रविधिको क्षेत्रमा विश्वस्तरमै प्रतिस्पर्धी बन्नसक्छ । त्यसका लागि हामीले प्राथमिकतामा नेपाली उत्पादनलाई दिनुपर्छ, ढकालले भने । हरेक सरकारी निकायमा नेपाली सफ्टवेयरको प्रयोगको नीति सरकारले लिनुपर्ने उनको सुझाव छ।

त्यस्तै, नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले प्रविधिका क्षेत्रमा सरकारी नीति सकारात्मक भए पनि त्यसको कार्यान्वयन प्रभावकारी हुन नसकेको बताए।

प्रविधि क्षेत्रमा लगानी गर्ने कम्पनीका लागि एकद्वार प्रणाली लागू हुन सकेको छैन । यो क्षेत्रमा कुनै विदेशी कम्पनीले लगानी ल्याएमा त्यसमा नेपाली कम्पनीलाई 'जोइन्ट भेन्चर'मा लगानी गर्न सक्ने व्यवस्था लागू गरिनुपर्छ, मल्लले भने ।

मुलुकलाई आर्थिक समृद्धि दिनका लागि सम्भाव्य तुलनात्मक लाभको क्षेत्रका रुपमा रहेको सूचना प्रविधि क्षेत्रलाई प्रवर्द्धन गर्न स्वदेशी जनशक्ति, सीप, प्रविधि र सेवालाई बढावा दिनुपर्ने उनको भनाइ छ ।

नेपाल उद्योग परिसङ्घका उपाध्यक्ष बीरेन्द्रराज पाण्डेले नेपालले निर्यात गर्नसक्ने सूचना प्रविधि क्षेत्रबाट अर्थतन्त्रमा पनि महत्वपूर्ण योगदान हुने बताए । नेपालले सार्वजनिक-निजी साझेदारी ९पिपिपी० मोडलमा सूचना प्रविधि (आइटी) पार्क बनाएर त्यहाँ राखिने कम्पनीका लागि कर छुटको व्यवस्था गर्नुपर्ने पाण्डेले बताए। क्यान महासङ्घका अध्यक्ष रणजितकुमार पोदारले सूचना तथा प्रविधि नीति २०७२ र डिजिटल नेपाल फ्रेमवर्क २०७६ ले लिएका उपलब्धि हासिल गर्न र ती नीतिको प्रभावकारी कार्यान्वयनका लागि सबै पक्षले भूमिका खेल्नुपर्ने बताए।

सूचना तथा सञ्चारको क्षेत्रबाट मुलुकको आर्थिक विकासमा महत्वपूर्ण योगदान गर्न सकिने उनको भनाइ छ।

सूचना प्रविधिलाई तुलनात्मक लाभको क्षेत्रका रूपमा विकास गरेर अर्थतन्त्रमा योगदान पुऱ्याउने सरकारको नीति छ । डिजिटल नेपाल फ्रेमवर्कलाई प्रभावकारी बनाएर लैजानु हामी सबैको दायित्व हो, अध्यक्ष पोदारले भने । रासस



# माघ निगल्दो, हुस्सु र स्याँठ



महोत्तरी, २४ माघ
तराईमधेशमा लागेको बाक्लो हुस्सु र चिसो स्याँठ चल्दा दैनिक जनजीवन प्रभावित बनेका छन् । मध्य माघपछि त घाम तात्दै गएर कामकाजमा निस्कन मौसम अनुकूल नै हुने विगत सम्झनेहरु यसपालि मौसम फरक परेकामा छक्क परेका छन् ।

बाँचीवर्ती रहे भोग्न, देख्न पाइने रे'छ, माघ निगल्दो चिस्यो स्याँठ र दिउँसै रात पार्ने हुस्सु देखे, भोगेको त्यति सम्झना छैन, गुहाली (गोठ)को एक छेउमा आगो तापिरहेकी महोत्तरीको बर्दिबास-७ मनहरिपुरकी ७२ वर्षीया इन्द्रमाया पौडेल भन्छन्, आधा दिन बित्दासम्म के दिन के रात खुट्याउनै नसकिने गरी हुस्सुले डम्म ढाकी राछ । शिशिरयाममा जाडो स्वभाविक भए पनि वसन्तपञ्चमीपछि घाम तात्दै जाने अनुभव सँगालेका यस भेगका पाका उमेरका सर्वसाधारण यसपालि मध्य माघयताको बाक्लो हुस्सु र चिसो स्याँठ यसअघि त्यति नव्यहोरिएको बताउँछन् ।

ठ्याक्कै वसन्तपञ्चमी मनाइएको तीन दिनपछि देखि नै फेरि बाक्लो हुस्सुले डम्म ढाकेर चिसो स्याँठ बहन थालेपछि यहाँका पाका उमेरका सर्वसाधारण मौसम उल्टोपाल्टो चल्न थालेको भन्दै छक्क परेका हुन् । हाम्रो चलनमा त तिलासक्रायत (माघेसङ्क्रान्ति) नै घाम तात्न थाल्ने पर्व मानिन्छ, वसन्तपञ्चमी मनाइएपछि त वसन्त नै लागेको मान्ने चलन छ, तर यसपालि त निगल्दो माघले पनि छिप्पिएको पुस सम्झाउँदै छ, भङ्गाहा-४ रामनगरका ७५ वर्षीय वृदेवसिंह दनुवारले भने ।

माघ दोस्रो सातायता पारिलो घाम लाग्न थालेर आकाश खुलेपछि अब जिउ तात्छ भन्ने आश पालेका आफूहरूलाई माघ तेस्रो साता लागेयता फेरि हुस्सु लाग्न थालेर चिसो स्याँठले सताउन थालेको सो बस्तीकै ८५ वर्षीय हाजी बिहारी अन्सारी बताउछन । खै वसन्तपञ्चमी मनाइएपछि त हुस्सु फाट्दै गएर आकाश सफा र उज्यालो हुन्थ्यो, अहिले त फेरि पुसको स्याँठ र हुस्सु पो दोहोरियो, उनले भने ,खै बाबु, के-के देख्न, भोग्नुपरेको छ को नि ! माघको तेस्रो सातायता बढेको बाक्लो हुस्सु र चिसो स्याँठले महोत्तरीका गरिब बस्तीका सर्वसाधारणको फेरि बिचल्ली बढेको छ । एक साता पारिलो घाम देख्न, ताप्न पाएका यहाँका सर्वसाधारण माघ तेस्रो सातापछि फेरि बाक्लो हुस्सुले ढाकेर लगातार चिसो स्याँठ बहन थालेपछि बिचल्लीमा परेका हुन् । महोत्तरीका सबैजसो भेगमा अहिले बाक्लो तुवाँलोले डम्म ढाकेर घाम नदेखिएको एक साता भइसकेको छ । जिल्लाको उत्तरीक्षेत्रमा मध्यान्हतिर मधुरो घाम देखिए पनि मध्य र दक्षिणी भेगमा दिउँसो कुनै बेला अक्कलझुक्कलमात्र घाम देखिन्छ ।

वसन्तपञ्चमी पनि मनाइयो, अब त घाम तात्छन् भन्ने थियो, तर फेरि अँध्यारोले छोप्यो, चिसो स्याँठबीच घर अगाडि पातपतिङ्गर बटुलेर आगो सल्काएर वरिपरि परिवारजनबीच तातोको सहारा खोजी रहेका भङ्गाहा-४ पलार बस्तीका ८० वर्षीय चौठी बाँतरले भने ,कहीँ काममा निस्कन सकिने छाँट देखिन्न, यही 'घूर' (पातपतिङ्गर बटुलेर बालिएको आगो)को सहारा छ ।

सामान्यतया पुस-माघमा हुस्सु लाग्ने, स्याँठ चल्ने र घाम पातलो देखिने भए पनि वसन्तपञ्चमी मौसम फेरिने खास पर्वका रुपमा लिइन्छ । यसपालि पनि वसन्तपञ्चमीभन्दा चार-पाँच दिन पहिलेदेखि नै पारिलो घाम देखिन थालेको पनि हो, बलवा नगरपालिका-११ भगवतीपुरका ७५ वर्षीय उत्तिम माझी मुसहर भन्छन,तर एक सातापछि नै फेरि हुस्सुसँगै स्याँठ चल्न थाल्यो, यस्तो भोगिएको कमै सम्झना छ । हिउँदमा वर्षा पनि नभएको र अहिले माघ निगल्दोसम्म हुस्सु र स्याँठले नछाडेपछि यहाँका पाका व्यक्ति बालीनालीका लागि समय उपयुक्त नहुने लख काट्दैछन् ।

माघ तेस्रो साताको प्रारम्भसँगै बढेको चिसोले फेरि पुस सम्झाएको सर्वसाधारण बताउँछन् । माघ ६-७ ताका पारिलो घाम लाग्न थालेपछि यसपालिको जाडो काटिएछ भनेको त फेरि पुस लागेजस्तो बनाएको माझी बताउछन । यसरी वसन्तपञ्चमीपछि फेरि मौसम बिग्रनुमा विश्वव्यापी जलवायु परिवर्तनको असर कारण रहेको वातावरणविज्ञहरु बताउँछन् । जताततै बढ्दो प्रदूषण, वनजङ्गल मासिँदै गएर बढेको असन्तुलन र सहरीकरणले विश्वव्यापीरूपमै असर गरिरहेको छ, यो कुसमयमा बढेको जाडो र हुस्सुले ढाकिनु यसैको कारण हो, लामो समयदेखि वातावरण क्षेत्रको कामको अनुभव सँगालेका सामुदायिक विकास तथा पैरवीमञ्च बर्दिबासका अध्यक्ष नागदेव यादव भन्छन, हामी सचेत भएर यसको असर कम गर्ने उपायमा नलाग्ने हो भने अझै प्रतिकूल अवस्था भोग्ने दिन आउँछन् ।

जिल्लाका गाउँनगर बस्तीमा अचाक्ली चिसो बढेको र यसले जनजीवनमा प्रतिकूल असर पार्न थालेपछि जिल्ला विपद् व्यवस्थापन समितिले गरिब बस्तीमा न्यानो सिरक बाँड्ने अभियान नै चलाएको छ । हामीले जिल्लाका आमरूपमा अतिविपन्न मुसहर, बाँतर, चमार र खत्वेलगायतका जाति समुदायका बस्ती, असहाय वृद्धवृद्धा र अपाङ्गता भएकाहरूलाई जाडो छल्न न्यानो फाइबर सिरक बाँडेका छौँ, जिल्लाका प्रमुख जिल्ला अधिकारी एवं विपद् व्यवस्थापन समितिका अध्यक्ष दीपक पहाडीले भने , परोपकारी क्षेत्रमा कार्यरत सामाजिक सङ्घसंस्था र स्थानीय तहको सिफारिसमा यो अभियानलाई अझै निरन्तरता दिइँदैछ ।

बढ्दो जाडोबीच न्यानो फाइबरको सिरक पाइएपछि पालो मिलाएरै भए पनि जिउ तताउन पाइएको भन्दै यहाँका दलित बस्तीका गरिबले राहत महसुस गरेका छन् । जिल्लाका विभिन्न क्षेत्रका गरिब बस्तीमा पछिल्ला तीन साताबीचमा एक हजार पाँच सय परिवारमा न्यानो सिरक पुऱ्याइएको समितिका सचिव तथा रेडक्रस महोत्तरी शाखाका सभापति दीपक मिश्रले जानकारी दिए । रासस

## अल्छि भए बाँदर........................................

बनस्पति, फलफूल तथा कन्दमूल खान संघर्ष गर्ने बाँदर अहिले परनिर्भर हुन थालेको बताउँदै चालिसे भन्छन् 'खानेकुरा दिँदा यात्रुले सवारी आवगमनलाई ध्यान दिदैँनन् जसको कारण बाँदर र यात्री दुबै दुर्घटनको शिकार हुन पुगेका छन् । यसमा यात्रु सचेत हुनु जरुरी छ ।' चालिसेको सुझाव छ– बाँदरलाई खानेकुरा दिनु हुँदैन, उनीहरुले आफैले खोजेर खाने हो ।'

डिभिजन वनकार्यालय रौतहटका प्रमुख कुमार कर्ण बाँदरका लागि वनमा पर्याप्त खानेकुरा उपलब्ध रहेको जानकारी दिदैं यात्रुले दिएका खानेकुरामा पल्केका बाँदर जङ्गलमा खाना खोज्न जाने नगरेको बताउँछन् । "मानिसको क्षणिक मायाले बाँदरको खाद्य समस्या पुरा हुनसक्दैन ' कर्ण भन्छन् ' मानिसकै कारण बाँदर परनिर्भर हुँदै गएका छन् । खानेकुरा दिने यात्रुलाई निरुत्साही गर्न ठाउँठाउँमा सूचना बोर्ड राख्नेबारे कुराकानी भइरहेको कर्णले बताए । ' हामी अहिले छलफलकै क्रममा छौ, के कती बोर्ड राख्ने र कस्ता कस्ता सूचना राख्ने त्यसबारे निर्णय हुन भने बाँकी छ ।' राजमार्ग आसपासका जङ्गलमा अधिक संख्यामा राताबाँदर छन् भने फाट्टफुट्ट ढेडुवा बाँदर पनि देखा पर्छन् । बाराको पथलैयादेखी सर्लाहीको बर्दिबास क्षेत्रसम्मनै बाँदरको समस्या रहेको छ ।

जिल्ला ट्राफिक कार्यालय रौतहटका प्रमुख विमला कठायतका अनुसार यात्रुले सवारी रोक्नासाथ खानाखान पाइने आसले बाँदरका हुल अन्धाधुन्ध त्यस तर्फ दौडिन्छ र दुर्घटनामा परी मृत्यु हुन्छन् । यस्तो कार्यबाट यात्रु पनि जोखिम मुक्त छैनन् । यसलाई निरुत्साही गर्न सम्बन्धित निकाय संवेदनशील हुनुपर्दछ । कठायतका अनुसार, अहिलेसम्म छिटपुट घटना भएको भएपनि ठूलो दूर्घटना भने भएको छैन ।

बाँदरलाई खानेकुरा दिनु परोपकारी कार्य भएको बताउँदै एक यात्रुले यस कार्यबाट आफ्नो ग्रहदशा पनि शान्त हुने जनविश्वास रहेको जानकारी दिए । राजमार्ग क्षेत्रका वनवन्यजन्तु अनुकुल तथा सन्तुलित वनको अवधारणा बमोजिम नभएपछि खानेकुराको अभावले बाँदर बाध्यभई यात्रुको प्रतिक्षामा बस्ने गरेको स्थानीयको बुझाई छ ।

बाँदरले खान रुचाउने तराईका वनमा पाइने जामुन, कुसुम, हर्रो, बर्रो, भलायो, खन्यु, कुरिलो, निउरो, तरुल, च्याउ लगायत सिजन अनुसारका फलफूल र कन्दमूल मानिसद्वारा नै मासिदै गएपछि खानेकुराको अभावमा उनीहरु भौंतारिने गरेको हातेमालो सामुदायिक वनका अधिकारी शालिकराम न्यौपानेले बताए । न्यौपाने भन्छन् 'वन नजिकको खेतबारीमा लगाएका बालीनालीको कडा संरक्षणका कारण उनीहरुले बाली खान पनि पाउँदैनन् । यस्तो अवस्थामा राजमार्ग कुर्नुको विकल्प छैन बाँदरलाई ।"

## चाहेको बेला छैन........................................

महिनासम्म लाग्छ । अहिले खरिद प्रक्रिया अघि बढाइयो भने साउन महिनासम्म मल आइपुग्छ तर त्यस बेला किसानलाई जेठ र असार महिनामा मलको आवश्यकता पर्छ । हालसम्म सरकारले मल खरिद प्रक्रियालाई अगाडि बढाउन सकेको छैन ।

धानबालीलाई मध्यनजर गरि कृषि सामाग्री कम्पनीले २०/२० हजार मेट्रिक टन युरिया र डि.ए.पी. मलको लागि खरिद प्रक्रिया अगाडि बढाइसकेको छ र त्यो मल जेठ अथवा असार महिनासम्म आइपुग्छ तर त्यो मलले ५ प्रतिशत किसानहरुलाई पनि पुग्दैन ।

नेपाल भरिकै लागि धानबालीको लागि कम्तिमा एक एक लाख मेट्रिक टन युरिया र डि.ए.पी. मलको आवश्यकता पर्छ, नत्र मल अभावको अवस्था कायमै रहन्छ । यसतर्फ नेपाल सरकार कानमा तेल हालेर बसेको छ ।

## विद्रोह अपराध ........................................

रेशमलाल चौधरीमाथि लगाइएको मुद्धा झूटा हुन् । उनीहरु दुबै जना सम्बन्धित वारदात भएको ठाउँमा नभएकोले उरन्ठेउलो ढंगबाट मुद्धा लगाउन राज्यसत्ताको नश्लीय सोच दृष्टिगोचर हुन्छ । होइन भने २०७२ साउन २३ गते घोषणा भएको ६ प्रदेशको विरुद्ध कर्णालीमा भएको आन्दोलनले दुई साता नवित्दै ७ प्रदेशमा संशोधन भयो भने त्यही थरुहट प्रदेशको माग गर्दै महिनौदेखि आन्दोलन गरिरहेका थारुहरुको अधिकारको प्राप्ति किन हुन सकेन भन्ने प्रश्न अद्यावधि अनुतरित छन् । त्यस्तै मधेश आन्दोलनमा सिभिल ड्रेसको प्रहरीले गोली चलाउने अधिकार कहाँबाट प्राप्त गर्यो ? त्यही सिभिल ड्रेसको प्रहरीलाई मारेको हुनाले आन्दोलनकारीमाथि मुद्धा चलाउन पाउने अधिकार सरकारको हो भने मधेश आन्दोलनमा घटित घट्ना सम्बन्धमा गठित लाल आयोगको प्रतिबेदन सरकारले किन सार्वजनिक गर्दैन ? जो दुधका दुध र पानी पानीका पानी गर्न सक्छन् । जलेश्वरमा घटेको घट्नामा प्रहरी पूर्णतः दोषी रहेको तथ्य विभिन्न माध्यमबाट बाहिर आइसकेका छन् । तर पनि लक्ष्मी महतोलाई रेशमलाल चौधरी बनाउने दुष्प्रयास भैरहेका छन् भने त्यो दिन टाढा छैन मधेश प्रदेश फेरि पनि एक दिन आफ्नो हक र अधिकारको लागि उठ्ने छ ।

## महङ्गो मधेश, बढ्यो ................

वार्षिक विन्दुगत आधारमा २०७९ मंसिर मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप नौ दशमलव पाँच प्रतिशतले बढेको राष्ट्र बैंकको भनाइ छ ।

राष्ट्र बैंकका अनुसार चालू आवको पछिल्लो पाँच महिनामा बैंक तथा फाइनान्स कम्पनीहरूको कुल निक्षेपमा चल्ती, बचत र मुद्दती निक्षेपको अंश क्रमशः सात दशमलव छ प्रतिशत, २५ दशमलव सात प्रतिशत र ६० दशमलव तीन प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो अंश क्रमशः सात दशमलव एक प्रतिशत, ३१ दशमलव पाँच प्रतिशत र ५४ दशमलव तीन प्रतिशत रहेको थियो । २०७९ मंसिर मसान्तमा बैंक तथा फाइनान्स कम्पनीह( रूको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ३७ दशमलव दुई प्रतिशत रहेको छ । २०७८ मंसिर मसान्तमा यस्तो निक्षेपको अंश ३९ प्रतिशत रहेको थियो ।

राष्ट्र बैंकका अनुसार चालू आवको पछिल्लो पाँच महिनामा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जा भने एक दशमलव छ प्रतिशत अर्थात ७३ अर्ब ३० करोड रुपैयाँले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा १० दशमलव चार प्रतिशत अर्थात चार खर्ब २३ अर्ब १३ करोड रुपैयाँले बढेको थियो । २०७९ मंसिर मसान्तमा बैंक तथा फाइनान्स कम्पनीह( रूबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा चार दशमलव एक प्रतिशतले बढेको छ । २०७९ मंसिर मसान्तमा बैंक तथा वित्तीय संस्थाह( रूबाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये गैर-वित्तीय संस्थागत क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ६४ दशमलव एक प्रतिशत र व्यक्तिगत तथा घरपरिवार क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ३५ दशमलव नौ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवि( धमा यस्तो अंश क्रमशः ६४ प्रतिशत र ३६ प्रतिशत रहेको थियो । चालू आवको पछिल्लो अवधिमा निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरूको कर्जा प्रवाह एक दशमलव चार प्रतिशतले, विकास बैंकहरूको तीन दशमलव आठ प्रतिशतले र फाइनान्स कम्पनीहरूको शून्य दशमलव पाँच प्रतिशतले बढेको छ ।

आर्थिक वर्ष २०७९र ०८० को पाँच महिनामा बैंक तथा वित्त( ीय संस्थाहरूको लगानीमा रहेको कर्जामध्ये औद्योगिक उत्पा( दन क्षेत्रतर्फको कर्जा छ प्रतिशतले, यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा चार दशमलव तीन प्रतिशतले, सेवा उद्योग क्षेत्रतर्फको कर्जा तीन दशमलव नौ प्रतिशतले, कृषि क्षेत्रतर्फ प्रवाह भएको कर्जा तीन दशमलव नौ प्रतिशतले, निर्माण क्षेत्रतर्फको कर्जा प्रवाह तीन दशमलव पाँच प्रतिशतले र थोक तथा खुद्रा व्यापार क्षेत्रतर्फको कर्जा दुई दशमलव पाँच प्रतिशतले बढेको राष्ट्र बैंकले भनाइ छ ।

श्रोतः आइएनएस (स्वतन्त्र समाचार)

# हत्यारालाई जन्मकैदको फैसला




जलेश्वर, २४ माघ
महोत्तरी जिल्ला अदालतले एक बालिका हत्यारालाई जन्मकैदको फैसला सुनाएको छ ।

महोत्तरी जिल्लाको बर्दिबास नगरपालिका-१४ सुगमबस्तीमा दुई वर्षअघि एक ६ वर्षीया बालिकाको अपहरण तथा जबर्जस्ती करणीपछि हत्या गरेको आरोपमा स्थानीय अरुणकुमार साहलाई जन्मकैदको फैसला सुनाएको हो ।

महोत्तरी जिल्ला अदालतका स्रेस्तेदार मदन जयसवालका अनुसार अदालतका न्यायाधीश रामचन्द्र खड्काको इजलासले अपहरण, जबर्जस्ती करणी र कर्तव्य ज्यान मुद्दामा निज साहलाई आजीवन कारावासको सजाय सुनाएको हो ।

साथै पीडित परिवारलाई रू एक लाख क्षतिपूर्तिसमेत दिनुपर्ने फैसला गरेको हो । विसं २०७७ मङ्सिर ७ गते आइतबारका दिन अरुणले छिमेकी सादिम आलमकी ६ वर्षीया छोरी गुलाबसा खातुनलाई अपहरण गरी बेपत्ता बनाएको र पछि जबर्जस्ती करणी गरी घटना बाहिरिने डरले घाँटी थिचेर हत्या गरी बोरामा राखेर फालिदिएको अवस्थामा उनको शव मङ्सिर ८ गते सोमबार राति सोही बस्तीमा फेला परेको थियो ।

पीडित परिवारलाई न्याय दिलाउन घटनाको उच्चस्तरीय छानबिन हुनुपर्ने र दोषीलाई कडाभन्दा कडा कारबाहीको माग गर्दै स्थानीयले प्रशासनविरुद्ध आन्दोलन चर्काएपछि सो आन्दोलनको क्रममा बर्दिबास-१ बस्ने सञ्जय भन्ने बुद्धिराज न्यौपानेको प्रहरीको गोली लागी मृत्यु भएको थियो ।

सोही घटनाको महोत्तरी जिल्ला अदालतमा सोमबार भएको अन्तिम सुनुवाइ (पेसी) मा दोषी साहलाई अदालतले अपहरण, जबर्जस्ती करणी र कर्तव्य ज्यान मुद्दामा जन्मकैदको फैसला सुनाएको हो ।रासस

## मधेश सरकारले ........................................

छन् । जेठी छोरीहरु बोधमाया यादव, कल्याणी यादव, सुधा यादव, सुनिता यादव र छोरा शेखर यादव । सुनिताको जन्म ०४४ कात्तिक १० गते गाउँमै भयो ।

छोरा शेखर यादव जनयूद्धकालमै ०५८ पुस १५ गतेको दिन संयूक्त सुरक्षा कमाण्डले हत्या गरे भने रामकुमारी यादव मन्त्री छदाँ नै सिलिण्डर विस्फोटनमा परि काठमाण्डौमै उपचारको क्रममा अकालमै मृत्यू भयो । सुनिताले लामो समयपछि दोश्रो विवाह पनि गरिन् । उनलाई एक छोरी र एक छोरा छन् । उनको विवाह रौतहटको झुनकुनमा पथरा, राजदेवी नगरपालिका वडा नम्बर १० बस्ने रामानन्द प्रसाद यादवसँग ०६५ भदौ २८ भयो । नेतृ रामकुमारी यादव माओवादी जनयूद्धमा लागेपछि उनीसँगै छोरी र छोराहरुपनि सक्रिय राजनीतिमै लागेका थिए ।

उनले धनुषाको गणेशमान चारनाथ नगरपालिका स्थित बरमझियामै गाउँकै विद्यालयमा पढिन् । उनी कक्षा ८ मा पढ्दै गर्दा वीचमै पढाई छाड्नु परेको थियो । त्यतिबेला देखि नै उनी माओवादी ' जनयुद्ध' मा होमिइन । बुवाको मृत्युपछि आमासँगसँगै हिडेकी सुनिताले बाल्यकालदेखि नै पार्टी अन्तर्गत रहेको जनवर्गिय संगठनमा बालकलाकारको रुपमा अखिल नेपाल जनसांस्कृतिक संगठनमा काम गरिन् । उनी ०५६ सालमै विद्यार्थी राजनीतिमा पनि जोडिन् पुगिन् । उनी गाउँकै विद्यालयमा अखिल क्रान्तिकारीको बाल संगठनमा आवद्ध भई ईकाई समितिमा बसिन् ।

अध्ययनको क्रमभंगताले बक्रबाटो लिईरहदाँ समय अनुसार पढ्ने र वीचमै पढाई छाडेर यूद्धको मोर्चामा होमिनुपर्ने बाध्यताले उनलाई जनयूद्धको शान्तिप्रक्रियामा नआउञ्जेलसम्म लखेटिरह्यो ।

जनयूद्धकै क्रममा उनको विवाह सप्तरीमा डम्बरनारायण यादवसँग विवाह भयो । तर विवाह भएको केही वर्ष नवित्दै ०६० पुस २८ गते सुनिताको श्रीमान डम्बरनारायण यादवको सप्तरीको भजकामा षडयन्त्रपुर्वक तत्कालिन शाही सेनाले हत्या गरेको थियो । श्रीमानको मृत्यूपछि उनी झनै सशक्त हुँदै यूद्धमैदानमै सक्रियतापूर्वक लागिन् । उनी अखिल क्रान्तिकारी केन्द्रिय सदस्य, ०६० तर्फ महिला बिभागसम्म काम गरिन् भने सप्तरी जिल्लाको अखिल नेपाल महिला संघ क्रान्तिकारीको अध्यक्ष समेत भइन् ।त्यसपछि ०६१ मा सप्तरी जिल्ला पार्टीको सचिवालय सदस्य हुँदै एरिया ईन्चार्ज पनि रहिन् ।

शान्तिप्रक्रिया पछि नेकपा माओवादीभित्र वैचारिक द्वन्द्वले उग्ररुप ग्रहण गर्दै थियो । जुन मोहन वैद्य किरणले गोरखामा भएको लिगलिगे राष्ट्रिय सम्मेलनबाट पार्टी फुटको दिशा तर्फ डोऱ्यायो । र अन्ततः किरणको नेतृत्वमा पार्टीमा विभाजन आयो । सुनिता वैद्यसँगै लागिन् ।

पछि नेकपा क्रान्तिकारी माओवादीका महासचिव रामबहादुर थापा बादलको नेतृत्वमा प्रचण्ड नेतृत्वको एकीकृत नेकपा माओवादीसँग एकीकरण गरेपछि पार्टीको नाम नेकपा माओवादी केन्द्रमा परिणत भयो । पार्टी एकता पछि उनी पोलिटव्युरो समिति सदस्य तथा गैरभौगोलिकको सम्पर्क जिल्ला ईन्चार्जको रुपमा काम गरिन् ।त्यसपछि नेकपा एमालेसँग एकीकरण भएर गठन भएको नेपाल कम्यूनिष्ट पार्टी नेकपाको सम्पर्क जिल्ला अध्यक्षको जिम्मेवारी पाइन् ।सर्वोच्च अदालतले नेकपा विभाजन गरेपछि पुनः व्यूतिएको नेकपा माओवादी केन्द्रमा उनी केन्द्रीय समिति सदस्य तथा अखिल नेपाल महिला संघ क्रान्तिकारीकी केन्द्रिय उपाध्यक्ष छन् ।

०७९ मा भएको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको क्रममा उनी माओवादीबाट मधेश प्रदेशमा प्रदेशसभा सदस्यका लागि समानुपातिकमा निर्वाचित भईन् र अहिले मधेश प्रदेशको सरकारको उद्योग, पर्यटन तथा वन मन्त्रीको जिम्मेवारी सम्हाल्दै छन् ।





फरवरी ७, २०२३ मा दक्षिणपश्चिम फ्रान्सको टुलुजमा गहिरो अलोकप्रिय पेन्सन सुधारको बिरूद्ध, वर्षको सुरुदेखि आयोजित राष्ट्रव्यापी जुलुसको तेस्रो दिनमा प्रदर्शनमा भाग लिँदा प्रदर्शनकारीहरू पुलमा हिंड्दै । - फ्रान्सले नयाँ हड्तालहरूको लागि तयारी गर्यो र फ्रेन्च पेन्सन सुधार गर्ने फ्रान्सेली राष्ट्रपतिको प्रस्तावको बिरूद्ध व्यापक प्रदर्शनहरू, जसमा सेवानिवृत्तिको उमेर ६२ बाट ६४ मा बढाएर र वर्षहरूको संख्या बढाउने सहित, ७ फरबरी , २०२३ मा पूर्ण निवृत्तिभरणको लागि योगदान दिनु पर्छ, एक दिन पछि सांसदहरूले विवादित विधेयकमाथि बहस सुरु गरे । *(फोटो चार्ली ट्राइबलियो / एएफपी)*

# चीनद्वारा साठी लाख अमेरिकी डलर सहयोग घोषणा

बेइजिङ, २४ माघ
चीनले टर्कीएका भूकम्प पीडितका लागि ६० लाख अमेरिकी डलर सहयोग उपलब्ध गराउने घोषणा गरेको छ । आपत्कालीन सहायताअन्तर्गत उक्त रकम टर्कीएलाई उपलव्ध गराउने घोषणा भएको हो ।

साथै चीनको रेडक्रसले टर्कीए र सिरियालाई दुई लाख अमेरिकी डलरको आपत्कालीन सहायता प्रदान गर्ने जनाएको छ । टर्कीए र सिरियामा भूकम्पबाट भएको जनधनको क्षतिप्रति शोक प्रकट गर्दै बेइजिङले दुवै देशसँग सम्पर्कमा रहेको बताएको छ । यसअघि अष्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानीज र न्युजिल्याण्डका प्रधानमन्त्री क्रिस हिप्किन्सले भूकम्प प्रभावित टकीर्ए र सिरियाका लागि एक करोड १५ लाख अमेरिकी डलर सहयोगको घोषणा गरेका थिए ।

**उद्धार टोली टर्कीए जाँदै**

भूकम्प प्रभावित टर्कीएलाई सघाउन उद्धारकर्मी र राहत सामग्रीसहित भारतीय वायुसेनाका थप दुई विमान पठाउने भएको छ । उद्धार तथा राहतका कार्यमा सहयोग गर्न ६० पारा फिल्ड अस्पताल र कर्मचारीसहित मंगलवार साँझ र पछि टर्कीमा थप दुई वटा भारतीय वायुसेना विमान टर्कीए पठाइने रक्षा अधिकारीहरूले बताएका छन् ।

आगरास्थित आर्मी फिल्ड अस्पतालले ८९ सदस्यीय मेडिकल टोली पठाएको छ । यसैगरी भारतले पठाएको सहायताको पहिलो खेप टर्कीएको अदाना पुगेको छ । फिलिपिन्सका राष्ट्रपति फर्डिनान्ड



रोमुआल्डेज मार्कोसले भूकम्प पीडितहरूको खोजी, उद्धार र सहयोगका निम्ति ८५ सदस्यीय टोली टर्कीए पठाउने बताएका छन । उनले फिलिपिन्सको टोलीमा स्वास्थ्यकर्मी र इन्जिनियर रहने मंगलवार पत्रकारहरूलाई जानकारी दिए ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको निर्देशनअनुसार उद्धारमा सहयोग गर्न एक सयभन्दा बढी रुसी उद्धारकर्ता टर्कीए पुगेका छन् । खोज र उद्धारमा उपयोग हुने एन्डोस्कोप, ध्वनिक उपकरण, जियोराडार र थर्मल इमेजरसहित रुसी टोली त्यहाँ पुगेको हो । त्यसैगरी संयुक्त राष्ट्रसङ्घका विभिन्न विशिष्टिकृत निकाय पनि राहत सामग्री लिएर टर्कीए पुगेका छन् । विश्व स्वास्थ्य सङ्गठन, विश्व खाद्य कार्यक्रमको टोली भूकम्प प्रभावित क्षेत्रमा पुगेको छ। (रासस/सिह्वा)

# टर्की भूकम्पः झण्डै पाँच हजारको मृत्यु



अदना, (टर्कीए) २४ माघ
टर्कीएको पूर्वी भाग र छिमेकी सिरियामा सोमबार भएको भूकम्पमा परी हालसम्म चार हजार नौ सय ८३ जनाको मृत्यु भएको छ । भग्नावशेषमा परिणत भएका हजारौं भवनका भूमिमा उद्धारकर्मीहरू पीडितलाई जीवितै उद्धार गर्ने ध्येयका साथ खटेका छन् । यो दैवी विपत्तिमा ज्यान गुमाउनेको संख्या बढ्नसक्ने आपत्कालीन सुरक्षाकर्मीले बताएका छन् ।

उद्धार तथा राहतका काम प्रभावकारी ढङ्गले अघि बढाउन विश्वका विभिन्न मुलुकले सहयोगी टोली परिचालन गरेका छन् । टर्कीएका विपद् व्यवस्थापन निकायका अधिकारीले २४ हजार चार सय कर्मचारी भूकम्प प्रभावित स्थानमा परिचालन भएका बताएका छन् । करिब छ हजार भवन भत्केकाले सबै स्थानमा सहायता परिचालन गर्न कठिन भएको छ । कठ्याङ्ग्रिने चिसो तथा बारम्बारको पराकम्पका कारण उद्धार तथा राहतका कामलाई द्रुत गतिमा सम्पादन गर्न हम्मेहम्मे परेको छ । अहिलेसम्म झण्डै दुई सय पराकम्प भएकाले जोखिम मोलेर उद्धारमा जुट्न विलम्ब भएको छ ।

हाताए प्रान्तको राजधानी अन्तक्या नगरकी नरगुल अतायाले भग्नावशेषबाट आफ्नी आमाले गुहार मागेको धेरै बेर भएका एपीलाई बताइन् । पर्याप्त उद्धारकर्मी र भग्नावशेष पन्साउने विशाल उपकरण नहुँदा उनकी आमाको उद्धार हुन सकेको छैन । सत्तरी वर्षकी आफ्नी आमाले भग्नावशेषमा आफूलाई सम्हाल्न नसक्ने दुखेसो उनको छ । भूकम्पको केन्द्रविन्दुभन्दा दक्षिणपश्चिमको हाताए प्रान्तका एक हजार पाँच सय भवनमा क्षति भएको छ । भवनका भग्नावशेषमा फसेका धेरै मानिस उद्धारको प्रतीक्षामा छन् ।

टर्कीएको दक्षिणपूर्वी प्रान्त काह्रामानमारास केन्द्र भएर भएको शक्तिशाली भूकम्पको धक्काले दमास्कस र बेरुतका बासिन्दालाई घरबाट बाहिर निस्कन बाध्य पारेको थियो भने काह्रामानमारासभन्दा धेरै पर अवस्थिति इजिप्टको राजधानी कायरोमा पनि भूकम्पको झट्का महसुस गरिएको थियो । भूकम्पपीडितहरूले खेलस्थल, व्यापार मेला आयोजना गर्ने स्थानका साथै खुला आकाशमुनि आगो बालेर रात गुजारेका थिए । चिकित्सा सहायता प्रदान गर्ने डक्टर्स विदाउट बोडर्सले सिरियाको इड्लिब प्रान्तमा आफ्ना सहकर्मीलाई गुमाएको बताएको छ । साथै ती डाक्टरका परिवारका अन्य सदस्यको पनि भैँचालोमा ज्यान गएको छ । सिरियास्थित उक्त संस्थाका प्रमुख सेवास्टियन गेले उत्तरी सिरियामा घाइतेहरूको ठूलो भीड लागेकाले दिनरात चिकित्साकर्मी उपचारमा संलग्न भएका बताएका छन् । सिरियासँगको सीमा क्षेत्रमा परिचालन भएका देशका सैनिकलाई उद्धारमा परिचालन गरिएको टर्कीएका रक्षामन्त्री हुलुसी अकरले बताउनुभएको छ । सेनाको अङ्कारास्थित मानवीय सहायता गुल्म पनि सहायताका निम्ति काममा खटिएको छ । आठ वटा सैनिक टोलीले प्रभावित क्षेत्रमा सेवा खोजतलासका काम जारी राखेको छ । मन्त्री हुलुसीका अनुसार जल सेना पनि सहयोगका निम्ति तम्तयार छ ।

गाजीयान्तेप शहरका बासिन्दाले खेलमैदान, रङ्गशाला, किनमेल केन्द्र, मस्जिद र सामुदायिक केन्द्रहरूमा आश्रय लिएका छन् । टर्कीका दश वटा प्रान्तमा कम्तीमा ती हजार तीन सय ८१ जनाको ज्यान गएको तथा २० हजारभन्दा बढी घाइते भएका सरकारी अधिकारीहरूले जानकारी दिएका छन् । टर्कीएका राष्ट्रपति रिसेप ताइएप एर्दोगानले सात दिन राष्ट्रिय शोक घोषणा गरेका छन । यसैगरी सिरिया सरकारको अधिनमा रहेका भूभागमा सात सय ६९ जनाको मृत्यु भएको छ भने एक हजार चार सय ५० जना घाइते भएका छन् । विद्रोहीको पकड रहेको उत्तरपश्चिमी भेगमा चार सय पचास जनाले ज्यान गुमाएका छन् भने सयौं घाइते भएका छन् । (रासस /एपी)

# इजरायली सेनाको आक्रमणमा किशोर मारिए



नाब्लस , २४ माघ
इजरायली सेनाले कब्जा गरेको वेस्ट बैंक सहर नाब्लसमा मङ्गलबार एक प्यालेस्टिनी किशोरको गोली हानी हत्या गरेको प्यालेस्टिनी स्वास्थ्यमन्त्रालयले जनाएको छ ।

मन्त्रालयले १७ वर्षीय हमजा अमजद अल-अश्कारको मृत्यु भएको घोषणा गरेको छ । उनलाई 'नाब्लसमा आक्रमणको क्रममा कब्जा गर्ने (इजरायली) सैनिकले अनुहारमा गोली हानेर मारेको जनाइएको छ ।

इजरायली सेनाले घटनाको विवरण अनुसन्धान गरिरहेको बताएको छ । सहरमा इजरायली छापा मार्दा तीन जनालाई पक्राउ गरिएको एक प्यालेस्टिनी सुरक्षा स्रोतले जनाएको छ ।

अलगरूपमा, आधिकारिक प्यालेस्टिनी समाचार एजेन्सी वाफाले जेनिनको फ्ल्यासपोइन्ट शहरनजिकैको बुर्किनमा करिब २० प्यालेस्टाइनीलाई पक्राउ गरिएको बताएको छ । हालैका महिनामा वेस्ट बैंकका शहरमा इजरायली आक्रमणहरूबाट मृत्यु हुनेको संख्या बढ्दै गएको छ ।

गत सोमबार, इजरायली सेनाले जोर्डन उपत्यकाको जेरिको शहरमा संदिग्ध व्यक्तिको खोजीपछि छापा मारेर पाँच संदिग्ध प्यालेस्टिनी बन्दुकधारीलाई मारेको जनाइएको छ । यस वर्षको सुरुदेखि हालसम्म इजरायल-प्यालेस्टाइन द्वन्द्वले ४२ प्यालेस्टाइनीहरूको ज्यान लिइसकेको छ ।

सन् १९६७ को छ दिने युद्धपछि इजरायलले वेस्ट बैंक कब्जा गरेको थियो । सन् २००५ मा संयुक्त राष्ट्रसङ्घले उक्त क्षेत्रमा हताहतीको तथ्याङ्क लिन थालेयता गत वर्ष वेस्ट बैंकमा सबैभन्दा घातक वर्षको रुपमा रहेको जनाइएको छ ।

त्यहाँ दुई सय ३५ जनाको मृत्यु भएको र यसमा लगभग ९० प्रतिशत प्यालेस्टाइनतर्फको रहेको थियो । (रासस/एएफपी)

# दक्षिण कोरियाली राष्ट्रपतिले भूकम्प प्रभावितलाई सहयोग गर्न आदेश



सोल, २४ माघ
दक्षिण कोरियाका राष्ट्रपति युन सुक-योलले मङ्गलबार सरकारी अधिकारीहरुलाई विनाशकारी भूकम्पबाट प्रभावित टर्कीमा तत्काल सहायता पठाउन आदेश दिएका छन । मन्त्रिपरिषद्को बैठकमा युनले दक्षिणी टर्की र सिरियामा गएको ७.८ म्याग्निच्युडको भूकम्पमा ज्यान गुमाएका ४ हजार भन्दा बढी मानिसहरूप्रति गहिरो समवेदना व्यक्त गरेको राष्ट्रपति कार्यालयले जनाएको छ । दक्षिणी टर्की र सिरियामा गएको शक्तिशाली भूकम्पमा परी ४ हजारभन्दा बढी मानिसको मृत्यु भएको राष्ट्रपति कार्यालयले जनाएको छ ।युनले आफ्ना प्रमुख कर्मचारी र राष्ट्रिय सुरक्षा सल्लाहकारलाई टर्कीका लागि आपतकालीन सहायता उपायहरू तयार गर्न निर्देशन दिएका छन । टर्कीमा उद्धारकर्मी र चिकित्सा आपूर्तिहरू पठाउन जरुरी भएको पनि उनले बताएका छन । अप्ठ्यारोमा परेको टर्कीलाई दक्षिण कोरियाले सहयोग गर्नु स्वाभाविक हुने बताउँदै ठूलो मात्रामा जनधनको क्षति भएको भूकम्पलाई एउटा देशको विपद्भन्दा पनि अन्तर्राष्ट्रिय विपद्का रूपमा हेर्नुपर्ने उनले बताएका छन । प्रेस मामिलाका वरिष्ठ राष्ट्रपतिका सचिव किम युन हेले पत्रकारहरूलाई भने कि देशको अन्तर्राष्ट्रिय उद्धार टोलीका करिब ६० सदस्य टर्कीमा पठाइनेछ । किमले भने कि राष्ट्रपतिले सम्बन्धित मन्त्रालयहरूलाई उद्धारकर्मीहरू छिटो पठाउन आदेश दिएका छन । (रासस/सिन्ह्वा)

# पहिरोमा परी ३६ जनाको मृत्यु

लिमा, २४ माघ
पेरुमा पहिरोमा परेर कम्तीमा ३६ जनाको ज्यान गएको बताइएको छ । पेरुको दक्षिणी प्रान्त क्यामानामा गएको पहिरोमा परी उनीहरुको ज्यान गएको हो ।

दक्षिणी प्रान्त क्यामानाको अरेकिपा क्षेत्रमा आएको पहिरोमा परेर अरु पनि कैयौं व्यक्ति हराएका छन् । उनीहरु पुरिएको आशङ्का गरिएको बताइएको छ ।

सोमबार आएको पहिरोबाट सोमबार रातिसम्म ३६ जनाको ज्यान गएको बताइएको छ । नेसनल सिभिल डिफेन्सका अधिकारीहरुका अनुसार पहिरोमा परेर मृत्यु भएकाहरुको शव राजमार्गमा भेटिएको थियो भने अरु कैयौं व्यक्ति पुरिएको आशङ्कामा खोजी जारी राखिएको छ ।

यस प्रान्तमा गएको एक हप्तादेखि भारी मात्रामा वर्षा जारी रहेको छ । सो वर्षाका कारण यहाँका राजमार्गहरुमा पनि क्षति पुगेको छ ।सो वर्षा र बाढीका कारण यहाँ पहिरो आएको र यस प्रान्तका कैयौं क्षेत्रमा भारी वर्षाले हजारौं मानिस प्रभावित भएका छन् ।

प्रभावित भएका व्यक्तिहरुको उद्धारका लागि यहाँको सरकारले सुरक्षा निकाय तथा कैयौं उद्धारकर्मी खटाइएको जनाएको छ । (रासस/सिन्ह्वा)

# आर्मीलाई हराउँदै पुलिस तेस्रो



काठमाडौं, २४ माघ
शेरबहादुर खड्का स्मृति राष्ट्रिय महिला भलिबल प्रतियोगितामा विभागीय टोली नेपाल पुलिस क्लब तेस्रो भएको छ ।त्रिपुरेश्वर स्थित राखेप कभर्डहलमा मंगलवार भएको खेलमा पुलिसले अर्को विभागीय टोली त्रिभुवन आर्मी क्लबलाई ३-० को सोझो सेटमा पराजित गर्दै तेस्रो स्थान हासिल गरेको हो पुलिसले आर्मीलाई २५-२१, २५-२१ र २५-१९ ले हरायो । तेस्रो स्थान हासिल गरेको पुलिसले रु ७५ हजार पुरस्कार पायो ।

प्रतियोगिताको उपाधिका लागि साबिक विजेता नेपाल एपिएफ क्लब र न्यू डायमन्ड युथ स्पोटर्स क्लबबीच प्रतिस्पर्धा हुनेछ । प्रतियोगिताका विजेता टोलीले रू तीन लाख तथा उपविजेताले रु एक लाख ५० हजार पुरस्कार पाउनेछन् ।रासस






अर्थको अनर्थ : जनकपुरधाम उपमहानगरपालिका वार्ड नं १६ कपिलेश्वरलाई वार्ड नं १ स्टेशन एरियासंग जोड्ने पुलको नाम जलाद हो। तर जल्लाद लेखेर अर्थको अनर्थ बनाएको छ। जलाद र जल्लादमा फरकसम्म छुट्याउन नसक्नेलाई सम्वन्धित निकायले कस्तो कारवाही गर्ने हो ? *तस्विर : मधेशदृष्टि*

# कर प्रशासन र निजीक्षेत्र दुवैबीच अनन्य सम्वन्ध

मधेशदृष्टि
वीरगंज, २४ माघ।
आन्तरिक राजस्व कार्यालय, पर्साका प्रमुख कर अधिकृत कपिल प्रसाद सुबेदीले कर प्रशासन र निजीक्षेत्र दुवै बीच अनन्य सम्बन्ध रहेको बताएका छन।

वीरगंज उद्योग वाणिज्य संघले मंगलवार आयोजना गरेको बिदाई समारोहमा बोल्दै सुबेदीले व्यापार व्यवसाय फस्टाउँदै गए मात्र कर सङ्कलन पनि बढ्ने बताए।

उनले यस क्षेत्रको औद्योगिक, आर्थिक तथा सामाजिक विकासको लागि वीरगंज उद्योग वाणिज्य संघले निर्वाह गर्दै आएको भूमिका सराहनीय रहेको बताए।




वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष डा. सुबोध कुमार गुप्ताले कर प्रशासन तथा सेवालाई चुस्त दुरुस्त बनाउन तथा यस क्षेत्रका उद्योगी व्यवसायीहरुलाई विभिन्न गतिविधि तथा कार्यक्रमहरु मार्फत् कर सम्बन्धी शिक्षा प्रदान गर्न प्रमुख कर अधिकृत सुबेदीले गरेका कार्यहरु महत्वपूर्ण रहेको बताएका छन। कार्यक्रममा वीरगंज उद्योग वाणिज्य संघका उपाध्यक्ष हरि गौतम, माधव राजपाल, कोषाध्यक्ष गोविन्द शाह, सचिव आशीष लाठ, सह-सचिव अनोज रुँगटा, कार्यसमिति सदस्य निरज अग्रवाल, शिवजी प्रसाद कलवारले आ-आफ्ना धारणा राखेका थिए।

# मधेशका मुद्दाहरुलाई कहिल्यै नछोड्ने :डा.सिके राउत

मधेशदृष्टि
वीरगंज २४ माघ।
जनमत पार्टीका केन्द्रिय अध्यक्ष एवं सांसद सिके राउतले आफ्नो पार्टी मधेशमा नयाँ शक्तिको रुपमा उदाएको र आगामी दिनमा संगठनलाई अझ सशक्त रुपमा अगाडी बढाईने बताएका छन।

जनमत पाटी पर्साको आयोजनामा मंगलवार वीरगंजमा आयोजित वृहत कार्यकर्ता भेटघाट तथा पाटी प्रबेश कार्यक्रमलाई सम्बोधन गर्दै मधेश प्रदेशमा पर्सा जिल्लामा विगतमा संगठन कमजोर रहेको भए पनि आजको पार्टी प्रवेशले संगठनलाई नयाँ उचाईमा पुर्‍याउने दावी गरे।

मधेशका मुद्दाहरुलाई मधेशवादी राजनीतिक दलले सत्तामा पुग्ने भऱ्याङ्ग बनाएको कारण आज मधेशी जनताले ति दललाई ठेगान लगाएको बताउदै आफनो पार्टीले मधेशका मुद्दाहरु कहिल्यै नछोडने दावी गरे।

बीरगंजको रोयल पाटी पैलेशमा आयोजित कार्यक्रममा नारायणी अस्पतालका पूर्व सुपरटेन्डेड तथा रेडियोलोजिष्ट डा.शिवशंकर यादव, अधिवक्ता हरिहर साह, ज.स.पाका युवा नेता मुकेश दिबेद्वी, रेडियो समग्र मधेशका प्रबन्ध निर्देशक श्याम गुप्ता, लोकतान्त्रिक समाजवादी पार्टीका केन्द्रीय सदस्य जटाशंकर साह,लगायत सयौको संख्यामा बिभिन्न पार्टी परित्याग गरि जनमत पाटीमा प्रबेश गर्नेहरुलाई केन्द्रिय अध्यक्ष राउतले फुलमाला, अबिर लगाई गम्छा ओढाएर सम्मान गरेका थिए।





जनमत पाटी पर्साका जिल्ला ईन्चार्ज श्याम शंकर चौरसियाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पार्टीको महिला विभागकी केन्द्रिय अध्यक्ष अनिता रौनियार, डा.अजय यादव, सब्बु खातुन, सुजित चौरसिया, संतोष साह, नजमा खातुन, महेश चौरसिया, संतोषी कुमारी लगायतको सहभागिता रहेको थियो।

# अग्ला रुख मासिएपछि संकटमा वनमौरी

मधेशदृष्टि
रौतहट, २४ माघ।
वनजंगलका ठूला र अग्ला रुख मासिन थालेपछि अग्ला रुखमा घार बनाउने वनमौरीको अस्तित्व संकटमा परेका छन् ।जंगलबाट पलाएन भएर वनमौरी आजकल सहरबजारका अग्ला संरचनामा बस्न थालेको देखिन्छ। अवैध रुपमा वनजंगल फडानी तथा मानवीय बसोबासका कारण अग्ला रुखहरु मासिदैं गएकोले वनमौरी (स्थानीय भाषामा 'घारे' वा 'खाँगमौरी' लाई बस्ने स्थान अभाव भएको जानकारहरु बताउँछन्। विगतमा साल तथा सिमलका एउटै रुखमा पाँच दश वटै घार लगाएर बसेको देखिने वनमौरी वन विनाश भएपछि अहिले गाउँघरमा कतै कतै मात्र देख्न सकिन्छ। डिभिजन वन कार्यालय रौतहटका वन अधिकृत रामप्रसाद साह वनमौरी शान्त स्वभावको रहेकोले सुनसान स्थानमा बस्न रुचाउँने गरेको बताउँछन्। 'नबिच्काएसम्म मौरीले कसैलाई आक्रमण गर्दैन। वनमौरी मासिनुको मूल कारण वन विनास भएर मौरीको बास हराउनु नै हो' साह भन्छनु ' अर्को प्रमुख कारा मह तस्करले धुँवा र चक्कुको प्रयोग गरी मह निकाल्दा ठूलो सङ्ख्यामा मौरी मर्ने हुँदा पनि यसको सङ्ख्या कम भएको हो।' अत्यधिक चिसो, अत्यधिक तातो र हावाहुरी जस्तो वातावरणीय प्रभावको कारण पनि वनमौरी सङ्कटमा परेको जिल्ला मह उत्पादक संघका पदाधिकारी समिरबाबु कार्कीले बताउँछन्। कार्कीकाक काअनुसार तोरीको फूलबाट मह बनाउन रुचाउने घरमौरीहरु पनि तोरीमा अत्यधीक विषादीको प्रयोगले मर्न थालेपछि सङ्कटापन्न अवस्थामा पुगेको छ।'

# श्रीराम जन्मभूमि तीर्थ क्षेत्र ट्रस्टलाई हस्तान्तरण गरिएको "ताम्रपत्र" फिर्ता

मधेशदृष्टि
जनकपुरधाम, २४ माघ।
महन्थसंग छलफलनै नगरि जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दासले अयोध्यास्थित श्रीराम जन्मभूमि तीर्थ क्षेत्र ट्रस्टलाई हस्तान्तरण गरेको 'ताम्रपत्र' फिर्ता गरिएको खबर प्राप्त भएको छ।

नेपालको कालीगण्डकी नदीबाट उत्खनन गरेर भारतको अयोध्यास्थित श्रीराम जन्मभूमि तीर्थ क्षेत्र ट्रस्टलाई हस्तान्तरण गरिएको दुई विशाल देवशिलासँगै प्रदान गरिएको 'ताम्रपत्र' फिर्ता गरिएको बुझिएको छ। गत बुधबार राति भारतको उत्तर प्रदेशस्थित अयोध्या पुर्याएर बिहीबार श्रीराम जन्मभूमि तीर्थ क्षेत्र ट्रस्टलाई हस्तान्तरण गरिएको देवशिलासँगै जानकी मन्दिरको तर्फबाट ताम्रपत्र पनि प्रदान गरिएको थियो।

तर, सो 'ताम्रपत्र' जानकी मन्दिरको तर्फबाट श्रीराम जन्मभूमि तीर्थ क्षेत्र ट्रस्टलाई प्रदान गरिएको भनिएपनि जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णवलाई जानकारी नै नदिई आफूलाई मन्दिरको उत्तराधिकारी महन्थ बताउने रामरोशनले प्रदान गरेको बताइएको छ।

पछि सो ताम्रपत्र श्रीराम जन्मभूमि तीर्थ क्षेत्र ट्रस्टले अस्विकार गर्दै जानकी मन्दिरलाई फिर्ता गरेको थियो।



सो ताम्रपत्रमा रामरोशन दासले जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णवसँगै आफ्नो नाम पनि लेखेर श्रीराम जन्मभूमि तीर्थ क्षेत्र ट्रस्टलाई हस्तान्तरण गरेको जानकी मन्दिरका मुख्य पूजारी मनोज कुमार झाले बताए।

झाले रोशन दासले आफ्नो ईच्छाले सो ताम्रपत्र ट्रस्टलाई प्रदान गरेको र त्यसमा मुख्य व्यक्तिको मात्रै नाम हुनुपर्नेमा उनले आफ्नो नाम पनि लेखेकोले अस्विकार गर्दै फिर्ता गरिएको बताए।

'जहाँ मान महन्थको नाम छ त्यहाँ उत्तराधिकारीको नाम लेख्नुपर्ने कुनै आवश्यकता नै छैन' उनले भने,'पूर्व योजना बिना नै रामरोशनले आफ्नो ईच्छाले ताम्रपत्र हस्तान्तरण गरेका थिए।'

उनले रोशनले जानकी मन्दिरलाई जानकारी नै नदिएर श्रीराम जन्मभूमि तीर्थ क्षेत्र ट्रस्टलाई ताम्रपत्र दिन खोजेकोसमेत बताए। यस्तो ऐतिहासक कामका लागि रोशनले मान महन्थसँग समन्वय गरेर काम गनुपर्नेमा उनलाई कुनै जानकारी नै नदिई आफू अनुकूल मनोमानी तरिकाले काम गरेको उनको आरोप छ।

अयोध्यामा निर्माणाधीन राममन्दिरमा भगवान् रामको मूर्ति बनाउन कालीगण्डकी नदीबाट उत्खनन गरिएको उक्त देवशिला अयोध्या पुर्याइएपछि विशेष समारोहकाबीच माघ १९ गते श्रीराम जन्मभूमि तीर्थ क्षेत्र ट्रस्टलाई हस्तान्तरण गरिएको थियो।

यता, यस सम्बन्धमा आफूलाई कुनै जानकारी नरहेको उत्तराधिकारी महन्थ बताउने रामरोशन दासले बताए। उनले देवशिलासँगै आफूले ताम्रपत्र पनि हस्तान्तरण गरेर तुरुन्तै त्यहाँबाट फर्केकोले आफूलाई ताम्रपत्र फिर्ता भएकोबारे कुनै जानकारी नरहेको बताए।







मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल